नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily







• वर्ष १ • अंक ७ • २०७९ साल कात्तिक ३० गते बुधवार • Wednesday 16 Nov. 2022 • पृष्ठ ८ • मूल्य रु. ५/-

# जितेर जाने फर्केर आएनन्, के भनेर भोट दिने ?

शारदा पोखरेल
बारा, कात्तिक २९

फेटा गाँउपालिका वडा नं १ साविक गाविसको ९ वटा वडा गाभेर बनेको एउटै वडा हो । गाँउपालिकाको ७ वटा वडामध्ये वडा नं १ सबैभन्दा ठुलो र धेरै जनसंख्या भएको वडा हो । ६ वटा ठुला गाँउहरु यसै वडाभित्र पर्दछन् । गाँउमा ४ वटा आधारभूत तहका विद्यालय छन् । तर, माध्यमिक तहको पढाई नहुँदा यहाँका विद्यार्थीहरु केही बिचमै पढाई छाड्छन् भने केही अन्यत्र पढ्न जान्छन् ।

फेटा गाँउपालिका वडा नं १ त्रिवेणी टोलका विवेक कुशहवा गाँउमा माध्यमिक तहको विद्यालय नहुँदा धेरै समस्या भएको बताउँछन् । ५ वर्षअघि जितेर जानेले शिक्षा र स्वास्थ्यमा केही काम नगरेको उनको गुनासो छ । 'गाउँमा एउटै माध्यमिक विद्यालय छैनन्, वर्षामा सडक हिलाम्मे हुन्छ, किसानलाई प्रविधि, मल र सिंचाई नहुँदा हेक्टरका हेक्टर जमिन बाँझो छ', कुशहवाले भने, '



पहिला जितेर जानेले विकास भन्दा पनि आफ्नो कार्यकर्ता रिझाउन मात्रै व्यस्त रहे, उहाँहरुको संसदीय कोषबाट हाम्रो गाँउमा केही काम भएको छैन ।' शारीरिक रुपमा अपाङ्गता भएका सोही गाँउका मुकेशकुमार दास पनि २०७४ मा निर्वाचन जितेर गएकाहरु गाँउमा फर्केर नआएको गुनासो गर्दछन् ।

अपाङ्गता भएका दास गाँउमा स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन नहुँदा बिरामी छोरालाई निजी अस्पतालमा लगेर उपचार गर्न जान नसकेको गुनासो गर्छन् । 'छोराको उपचार गर्न नसकेर घरमै राखेको छु डाक्टरले स्वास्थ्य बिमा गरेर आउनुस् भन्छ गाँउमा स्वाथ्य बिमा कार्यक्रम छैन्, हाम्रो गुनासो सुनिदिने पनि कोही छैन' दासले भने । सो वडामा २५० भन्दा बढी दलित घरहरु छन् । दलित परिवारका महिलाहरु गाँउमा खानेपानी र माध्यमिक तहको विद्यालय नहुँदा समस्या भएको गुनासो गर्दछन् । सोही वडाकी लालपरी देवी १५/२० घरधुरीका लागि गाँउमा एउटा मात्रै धारा भएको र त्यो पनि बेलाबेलामा पानी सुक्ने गरेको बताउँछिन् । 'चुनावमा दलितहरुको लागि खानेपानीको धारा, बिजुली, स्कुल बनाईदिन्छु भन्छन् तर जितेर गएपछि गाँउ नै फर्केर आउँदैन नेताहरु' लालपरी देवीले भनिन् । बारा निर्वाचन क्षेत्र नं ४ मा जितपुरसीमरा उपमहानगरको १६ वटा वडा, कलैया उपमहानगर वडा नं १७, विश्रामपुर, परवानीपुर र फेटा गाँउपालिका पर्दछ ।

यो निर्वाचन क्षेत्रले जिल्लाको उत्तरी भेगमा चुरेदेखि मधेशको फाँट हुँदै भारतीय सीमासम्म छोएको छ । कलैया उपमहानगरपालिका वडा नं १७ का महेशराम पनि गाँउमा दलितका छोराछोरीहरु पढ्न माध्यमिक तहको विद्यालय र खानेपानीको समस्या अधिक रहेको बताउँछन् । 'स्कूल छ । तर प्राथमिक तहको मात्रै छ, हाम्रो गाँउमा खानेपानीको पनि धेरै समस्या छ' महेशरामले भने ।

*बाँकी पृष्ठ ६ मा*

# जाँदाजाँदै तलबभत्ता पाएनन् प्रदेश सांसदले

मधेश दृष्टि
जनकपुर, कात्तिक २९

मुलुकभर प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको माहौलमा तातिएको छ । यता मधेश प्रदेशका प्रदेशसभा सदस्यहरुले पुरानो तलब नपाएको गुनासो बढिरहेको छ ।

निर्वाचनमा भाग लिने प्रदेशसभा सदस्यहरुलाई बक्यौता तलब बारे कुनै चासो छैन भने उम्मेदवार बन्न नपाएकाहरु बितेको दशैं भत्ता त के असोज महिना र कात्तिक महिनाको तलब नै खान नपाएको गुनासो गर्दै आएका छन् ।

उनीहरु भन्छन, 'अहिले आफूहरु प्रदेशसभा सदस्य हो कि होइन भन्ने कुरा अलमल छ । यदि आफूहरु प्रदेशसभा सदस्य हो भन्ने दशैं भत्तादेखि कात्तिक महिनासम्मको तलब सचिवालयले दिनुपर्‍यो, यदि होइन भने प्रष्ट रुपमा भन्न पर्‍यो कि तपाईहरु प्रदेशसभा सदस्य नभएको कारण तलब दिन मिल्दैन ।'

जसपाबाट समानुपातिक प्रदेशसभा सदस्य चमेली दासले भनिन्, 'महिनाको १५ गतेदेखि २२ गतेभित्र प्रदेशसभा सचिवालयले खातामा तलब पठाई दिने गर्थ्यो । तर असोज र कात्तिक दुई महिनाको तलब आउनु पर्नेमा अहिलेसम्म आएको छैन ।' सचिवालयलाई ताकेता गर्दा तपाइँहरु प्रदेशसभा सदस्य हो होइन बारे कानूनमा अन्यौलता भएको कारण तलब नपठाइएको भन्दै आएको बताईन् ।

त्यस्तै कांग्रेसकी प्रदेशसभा सदस्य प्रमिला दासले आफ्नो गुनासो पोख्दै भनिन्, 'सचिवालयले असोज र कात्तिक महिनाको तलब त के पछिल्लो दशैंको भत्ता खुवाएनन् ।' सचिवालय सचिव रञ्जित यादवलाई ताकेता गर्दा कानूनमा अन्यौलता भएका कारण तपाईहरुको तलब पठाइएको छैन । चुनावपछि केही निर्णय भए मात्रै दिन सकिन्छ नभए दिन मिल्दैन भन्दै सचिव यादव पन्छिने गरेको बताइन् ।

यस्तै प्रदेशसभा सदस्य भीमा यादवले पनि आफ्नो गुनासो पोख्दै भनिन् पहिला महिना नपुग्दै २२ गतेसम्म खातामा सचिवालयले तलब पठाई दिने गर्थ्यो तर दुई महिनादेखि बाटो कुर्दाकुर्दै नआएपछि सचिवालयमा सम्पर्क गर्दा यसपटक समय अगावै निर्वाचन भएको कारण तपाईहरुको तलब दिइएको छैन । कानूनी अन्यौलताले गर्दा असोज र कात्तिक महिनाको तलब दिइएको छैन । बक्यौता तलब बारे कुनै निर्णय आए मात्रै दिन मिल्ने भनी बताउँदै आएको उनले भनिन् ।

निर्वाचनमा उम्मेदवार बनेकाहरु तलबको ताकेता गर्दा मतदातामा नकारात्मक असर पर्न सक्ने भनी ताकेता नै गरेका छैनन् भने कतिपय प्रदेशसभा सदस्यहरु निर्वाचनमा पार्टीका उम्मेदवारहरुको प्रचार प्रसारमा लागेका कारण तलब आए/आएन बारे सोधखोज नै गरेका छैनन् । लोसपाकी निलमदेवी भूमिहारिन, जसपाका नेत्रविक्रम साह र निरा कुमारी साहले चुनावमा लागेको कारण के कति कारणले तलब आएन बारे सोधखोज गरेका छैनौं, अब सचिवालयसँग सोध्ने छौं, तलब पाउंछौं कि पाउँदैनौं ।

यता प्रदेशसभा सचिवालयका अनुसार गत असोज महिनादेखि हालसम्मको तलब दिन दिन नसकेको स्वीकार गरेका छन् । उनले भने प्रदेश सभा सदस्यरुको पछिल्लो दशैं भत्ता, असोज र कात्तिक महिनासम्मको तलब बक्यौता रहेको छ ।

> **"सचिवालयले असोज र कात्तिक महिनाको तलब त के पछिल्लो दशैंको भत्ता पनि खुवाएन ।**

के कति कारणले प्रदेशसभा सदस्यहरुले तलब नखुवाइएको बारे यादवले भने, 'उहाँहरुको कार्यकाल अगावै निर्वाचनको मिति तय भइसकेपछि प्रदेशसभा सदस्य हुन/होइनन् बारे कानूनी अन्यौलता भएकाले असोज महिनादेखि तलब नदिइएको हो ।' उनका अनुसार वर्तमान प्रदेशसभा सदस्यहरुको कार्यकाल माघ ६ गतेसम्म हुनुपर्ने हो । तर निर्वाचनको तयारी असोज महिनादेखि थालिएपछि उहाँहरुको कार्यअवधि हामी कसरी बुझ्ने कानूनमा प्रष्ट व्यवस्था छैन, यस्तो अवस्थामा हामीले तलब दिएको खण्डमा बेरुजु ठहरिनेछ ।

*बाँकी पृष्ठ ६ मा*

# सीताराम विवाहमा ६० हजार जन्ती जनकपुर आउँदै

मधेशदृष्टि
जनकपुर, कात्तिक २९

हिन्दू धर्मावलम्बीको आस्थासँग जोडिएको श्री सीताराम विवाह पञ्चमी महोत्सवका लागि तयारी जनकपुरमा तिव्र पारिएको छ ।

त्रेता युगमा मर्यादा पुरुषोत्तम भगवान राम र जगत जननी माता जानकीबीच भएको विवाहको स्मरणमा यही मंसिर ७ गतेदेखि सुरु हुने रामजानकी विवाह पञ्चमी महोत्सवमा भारतबाट साधु सन्त श्रद्धालु सहितको ६० हजार जन्ती




आउने भएका छन् ।

वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष शीतल साहले धार्मिक गुरु उत्तराखण्डका मुख्यमन्त्री सतपालजी महाराजको नेतृत्वमा विवाह पञ्चमी महोत्सवमा सहभागी हुन मंसिर १२ गते ६० जन्ती जनकपुरधाम आउने जानकारी दिएका छन् ।

उनले भने, 'सतपालजी महाराज धार्मिक व्यक्तित्व हुनुहुन्छ, यसअघि पनि उहाँ जनकपुरधाम प्रवचन गर्न आइसक्नु भएको छ । उहाँको नेतृत्वमा आउने जन्ती विवाहपञ्चलमी महोत्सवमा अहिलेसम्मकै सबभन्दा बढी हुनेछ । हुनत यसअघि भगवान श्रीरामको नगर अयोध्याबाट जन्ती आउने परम्परा थियो । तर यसपटक चाहिं भारतको उत्तराखण्डबाट आउन लागेको हो ।'

सतपालजी महराजको भ्रमणले मधेश प्रदेशको राजधानी जनकपुरधाम र भारतको उत्तराखण्डबीच धार्मिक, सांस्कृतिक सम्बन्ध विस्तारमा मद्दत मिल्ने अध्यक्ष

*बाँकी पृष्ठ ६ मा*






# उम्मेदवार घरदैलो र कोणसभामा व्यस्त

मधेशदृष्टि
वीरगंज, कात्तिक २९

निर्वाचनको मिति नजिकिएसँगै पर्सा जिल्लामा चुनावी प्रचारप्रसारलाई उम्मेदवारले तीव्र पारेका छन् । प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनका लागि पाँच दिन बाँकी रहँदा मतदातालाई आ-आफ्नो पक्षमा मतदान गर्न अनुरोध गर्दै उम्मेदवारले घरदैलो तथा कोणसभालाई तीव्रता दिएका हुन् । निर्वाचनका लागि पर्सा जिल्लामा नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, जसपा, लोसपा, राप्रपा, मजदुर किसान पार्टी, हाम्रो नेपाली पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल जनता पार्टी, नेपाल सुशासन पार्टी लगायत स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । राजनीतिक रुपमा महत्वपूर्ण मानिएको यस जिल्लामा चार प्रतिनिधिसभा सदस्यका लागि ४९ र आठ प्रदेशसभा सदस्यका लागि एक सय गरी कूल एक सय ४९ जना प्रतिस्पर्धामा होमिएका छन् । चार निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी क्षेत्र नं ४ मा र सबैभन्दा कम क्षेत्र नं १ मा मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख रञ्जीता झाले जानकारी दिइन् । उनले निर्वाचन क्षेत्र नं १ मा ४४ हजार ९९ पुरुष, ३३ हजार पाँच सय ७८ महिला र दुई अन्य गरी कूल ७७ हजार छ सय ७९ मतदाता रहेका र क्षेत्र नं २ मा ४९ हजार ७५ पुरुष, ३७ हजार आठ सय ८७ महिला र चार अन्य मतदाता रहेको बताइन् । त्यसैगरी क्षेत्र नं ३ मा ५१ हजार तीन सय ६६ पुरुष, ३९ हजार ६२ महिला र चार अन्य गरी कूल ९० हजार चार सय ३२ मतदाता रहेका छन् भने क्षेत्र नं ४ मा ५० हजार तीन सय ६४ पुरुष, ४० हजार चार सय ८१ महिला र चार अन्य गरी ९० हजार आठ सय ५१ मतदाता रहेको प्रमुख झाको भनाइ छ । चार प्रतिनिधिसभा सदस्य तथा ८ प्रदेशसभा सदस्यका लागि कूल एक सय ६७ मतदानस्थल र चार सय १२ वटा मतदान केन्द्र तोकिएको छ ।

प्रतिनिधिसभा तर्फ निर्वचन क्षेत्र नं १ मा सबैभन्दा बढी २० जनाले उम्मेदवारी दर्ता गराएका छन् भने सबैभन्दा कम क्षेत्र नं ४ मा मात्र नौ जनाले उम्मेदवारी दर्ता गराएको मुख्य निर्वाचन अधिकृत विनोद पोखरेलले जानकारी दिए । उनले क्षेत्र नं २ र ३ मा १०/१० जना गरी कूल ४९ जनाले उम्मेदवारी दर्ता गराएकामा दलका तर्फबाट २७ र स्वतन्त्र उम्मेदवार २२ जना रहेका छन् । प्रतिनिधिसभामा सबैभन्दा बढी उम्मेदवारी दर्ता भएको निर्वाचन क्षेत्र नं १ मा एमालेसँगको गठबन्धनबाट जसपाका प्रदीप यादव र स्वतन्त्र उम्मेदवार अजयकुमार द्विवेदीबीच प्रतिस्पर्धा हुने अनुमान मतदाताहरुले गरेका छन् ।
२०७४ को प्रतिनिधिसभाको निर्वाचनमा क्षेत्र नम्बर १ बाट जसपाका उम्मेदवार प्रदिप यादवले २१ हजार १ सय ३२ मत प्राप्त गरी विजयी भएका थिए ।
यता नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति द्विवेदीलाई पार्टीले टिकट नदिएपछि उनले विद्रोह गरी क्षेत्र नम्बर १ बाट स्वतन्त्र उम्मेदवारी दिएका छन् भने कांग्रेससहितको पाँच दलीय गठबन्धनबाट क्षेत्र नं १ मा लोसपाका नेता लक्ष्मणलाल कर्ण उम्मेदवार छन् । क्षेत्र नं २ मा नेपाली कांग्रेससहितको पाँच दलीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयकुमार चौरसिया र एमालेसँगको गठबन्धनका उम्मेदवार जसपा नेता सुरेन्द्रप्रसाद कुर्मीबीच प्रतिस्पर्धा हुने देखिन्छ । गत निर्वाचनमा श्रीवास्तावले २१ हजार एक सय ६९ मत ल्याएका थिए भने चौरसियाले १९ हजार सात सय चार मत पाएका थिए । त्यसैगरी पर्साको निर्वाचन क्षेत्र नं ३ मा सम्पन्न गत आम निर्वाचनमा जसपाका उम्मेदवार हरिनारायण रौनियारले नेपाली कांग्रेसका सुरेन्द्र चौधरिलाई एक हजार तीन सयभन्दा बढी मतले पराजित गरेका थिए । रौनियारले १५ हजार १ सय ६८ मत ल्याउँदा चौधरीले १३ हजार ८ सय १ मत ल्याएका थिए । क्षेत्र नं ४ मा लोसपाका उम्मेदवार लक्ष्मणलाल कर्णले नेपाली कांग्रेसका उम्मेदवार रमेश रिजाललाई ६ हजार भन्दाबढी मतले पराजित गरेका थिए । गत निर्वाचनमा कर्णले २० हजार सात सय ३८ मत ल्याउँदा उनका निकटतम प्रतिद्वन्द्वी रिजालले १४ हजार ७ सय २ मत प्राप्त गरेका थिए । कर्णले यसपाली नेपाली कांग्रेससहितको पाँच दलीय गठबन्धनबाट निर्वाचन क्षेत्र नं १ बाट लोकतान्त्रिक समाजवादी पार्टी नेपालको टिकटबाट उम्मेदवारी दिएका छन् ।जिल्लामा उम्मेदवारी दर्ता गराएकामध्ये स्वतन्त्र उम्मेदवारको संख्या ५६ प्रतिशत छ भने केही स्थानमा दलका उम्मेदवारसँग स्वतन्त्र उम्मेदवारकै मूख्य प्रतिस्पर्धा हुने देखिन्छ । पर्साको १२ पदका लागि जम्मा तीन महिला उम्मेदवारले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् । प्रदेशसभा सदस्यका लागि दलका तर्फबाट दुई र एक स्वतन्त्र महिला उम्मेदवार उम्मेदवार रहेका छन् ।

# चुनावी प्रणाली सच्याउनुपर्छ : उपेन्द्र

मधेशदृष्टि
वीरगंज, कात्तिक २९



मधेशदृष्टि
राजविराज, कात्तिक २९ । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान खर्चिलो चुनावी प्रणालीलाई पनि सच्याउनुपर्नेमा जोड दिएका छन् ।
मंगलबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-८ तोपामा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।
'अहिलको निर्वाचन प्रणाली अति नै खर्चिलो छ' उनले भने, 'पैसा नहुने तर निर्वाचनका लागि योग्य उम्मेदवारले पनि भाग लिन पाउने अवसरका लागि निर्वाचन प्रणालीमा सुधारको आवश्यक छ ।' उनले अगाडी भने, ' त्यसो भए मात्रै सांसदहरुको खरिद-बिक्री बन्द हुनेछ ।' उनले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्नुपर्ने पनि बताए । 'सबै जातजाति, वर्ग र तहको अधिकारका लागि संविधान संशोधन गर्न आवश्यक छ' उनले भने ।
सप्तरीको विकास लागि शिक्षा, स्वास्थ्य, सडक लगायतका पूर्वाधारहरुको विकास आवश्यक रहेको बताउँदै उनले ती कार्यहरु सुरु भइसकेको र आगामी दिनमा पूरा गरेर छाड्ने प्रतिबद्धता जनाए ।
नेता यादवले पहिला छाता निर्वाचन चिन्ह लोकतान्त्रिक समाजवादी पार्टीकै रहेकोमा अहिले मधेशीको भावना विपरित अल्गिएर गएका कारण उनीहरुको आगामी निर्वाचनमा ३ प्रतिशत पनि मत नपुग्ने दाबी गरे ।
नेकपा एमालेका जिल्ला सहससचिव प्रभाकर सिंह तथा जसपाका प्रदेश कमिटी सदस्य सत्यनारायण यादवको संयुक्त अध्यक्षतामा आयोजित कार्यक्रममा जसपाका नेता तथा पूर्व मन्त्री मृगेन्द्रकुमार सिंह, मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, पार्टी प्रवक्ता मनिषकुमार सुमन, महिला नेतृ तथा संविधानसभा सदस्य सदस्य रन्जु ठाकुर, पार्टीका केन्द्रीय सदस्य शैलेन्द्रमोहन झा लगायतले सम्बोधन गरेका थिए ।

# मतदाता सचेतनाका लागि नमूना मतदान जारी

मधेशदृष्टि
जनकपुर, कात्तिक २९

मतपत्र बदर हुन नदिन मतदाता सचेतनाका लागि धनुषाको विभिन्न निर्वाचन क्षेत्रमा नमूना मतदान जारी रहेको छ ।
मतदाताहरुलाई मतदान गर्ने तरिकाका विषयमा वडा वडामा रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरू तथा अन्य संस्थाहरूले घर घरमा नै पुगेर मतदाताहरूलाई सिकाउनुका साथै ठाउँठाउँमा विभिन्न गैरसरकारी संस्थाबाट नमूना मतदान कार्यक्रम सञ्चालन गरेको छ ।
गत कात्तिक २६ गतेदेखि जारी नमूना मतदान १३ वटा पालिकामा सम्पन्न भइसकेको जानकारी निर्वाचन आयोग कार्यालय जनकपुरधामका सूचना अधिकारी कृष्ण राउतले दिएका छन् ।
मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामले धनुषा जिल्लाको चार ठाउँमा मंगलवार नमूना मतदान कार्यक्रम सञ्चालन गरेको छ । धनुषाको निर्वाचन क्षेत्र नं ३ को धनौजी, मुखियापट्टि गाउँपालिका तथा नगराईन नगरपालिकामा एक साथ नमूना मतदान गराएको छ ।
त्यसैगरि धनुषाको निर्वाचन क्षेत्र नं २ को औरहीमा पनि मंगलवार नै नमूना मतदान गरिएको छ भने अन्य कतिपय ठाउँमा विभिन्न गैर सरकारी संस्थाहरूको अगुवाइमा नमूना मतदान गराउने काम भइरहेको सूचना अधिकारी राउतले जानकारी दिएका छन् ।
धनुषाको जनकपुरधाम उपमहानगरपालिकाका सबै वडा तथा धनुषाधाम नगरपालिका क्षेत्रमा समग्र विकास केन्द्रले मतदाता शिक्षाका साथै मतदाताहरूलाई सचेत गराउने काम गरेको छ । उनका अनुसार मंसिर १ गतेसम्म संचालन हुने नमूना मतदान जिल्लाको विदेह नगरपालिका, कमला नरपालिका, शहीदनगर नगरपालिका, जनकनन्दी गाउँपालिका र हंसपुर नगरपालिकामा बांकी रहेको छ । केही दिनअघि सम्पन्न स्थानीय तहको निर्वाचनमा १३ प्रतिशत मत बदर भएकोमा धनुषाका विभिन्न पालिकाहरुमा यसपटक सञ्चालन गरेको मतदाता शिक्षा कार्यक्रमका कारणले विगतको चुनाव भन्दा बदर मत हुने प्रतिशतमा कमी आउने विश्वास निर्वाचन आयोगको रहेको छ ।
खास गरेर अशिक्षित तथा दलित वर्गका व्यक्तिले गर्ने मतदानमा बढी प्रतिशत मत बदर हुने भएकाले सोही समुदायलाई लक्षित गरेर कतिपय पालिकाको वडाहरूमा नमूना मतदान गराइएको राउतले बताए ।
खास गरेर मङ्सिर ४ गते हुने प्रदेश तथा प्रतिनिधि सभाको चुनावमा रहने चार वटा नमूना ब्यालेट पेपर दिएर मतदान गर्न लगाउने र मत पट्याउने विषयमा जानकारी नमूना मतदानमा दिइने गरिएको छ ।

# सीमानाकामा सुरक्षा व्यवस्था कडा

मधेशदृष्टि
जनकपुर, कात्तिक २९

मंसिर ४ गते हुने आसन्न निर्वाचनलाई मध्यनजर गर्दै नेपाल-भारतको क्षेत्रसँग जोडिएका सीमानाकामा सुरक्षा व्यवस्था कडा बनाइएको छ ।
गत तीन दिन अगाडी भारतको मधुवनी जिल्लाको जयनगरमा सम्पन्न सीमा सुरक्षा अधिकारीहरूको बैठकबाट शान्तिपूर्ण एवं भयरहित वातावरणमा सम्पन्न गराउनसीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाउने सहमति पश्चात सुरक्षा व्यवस्था कडा बनाइएको हो । भारतको मधुवनी जिल्लासँग जोडिएको धनुषा, महोत्तरी, सिरहा तथा सप्तरी जिल्लाको सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाइएको छ । दुवै देशका सुरक्षा अधिकारीहरुको बैठक पश्चात नेपाल भारतको सुरक्षा कर्मीहरूले सीमा क्षेत्रमा निगरानी बढाउनुका साथै संयुक्त सीमा गस्ती एवं चेकजाँचमा कडाइ गरेको छ । निर्वाचनलाई भयरहित वातावरणमा शान्तिपूर्ण ढंगले सम्पन्न गराउन प्रत्येक सीमावर्ती क्षेत्रमा मोबाइल टोली खटाइएको छ भने नेपालका तर्फबाट नेपाली सुरक्षा कर्मीहरूले सीमा क्षेत्रमा गस्ती शुरु गरिसकेको छ भने भारतीय पक्षबाट आज देखि गस्ती शुरु गरिसकिएको धनुषाका प्रहरी प्रवक्ता एवं डिएसपी प्रदीप बहादुर क्षेत्रीले जानकारी दिएका छन् ।
उनले भने यसका बावजूत नेपाल प्रवेश गर्ने सबै सीमा विन्दुहरूमा भारतीय सीमा सुरक्षा बल ( एसएसवि ) निगरानी बढाई चेकजाँचमा कडाई गरेको र नेपालका सशस्त्र प्रहरी, नेपाल प्रहरीले आवत जावत गर्ने हरेक व्यक्तिमा निगरानी बढाइएको छ ।
चुनावलाई दृष्टिगत गरेर गत शनिवार देखि नै जिल्ला भरिमा मदिराको बिक्री, वितरण, ओसार, पसारमा निषेध गर्दै कडाइ गरेपछि अहिले शान्ति सुरक्षामा थप मद्दत पुगेको छ भने अहिले आन्तरिक सुरक्षाका साथै सीमा क्षेत्रको सुरक्षाका लागि चारै सुरक्षा निकायहरु लागि परेको उनले बताए ।
उम्मेदवार देखि मतदाता, मतदान कार्यमा खटिएका कर्मचारी तथा अरु सबैको सुरक्षाका लागि सुरक्षा अङ्गहरू लागि परेको धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जनाएको छ । अहिले सुरक्षा मजबुतव्यवस्था पार्न निर्वाचनका लागि भर्ना भएका म्यादी प्रहरीहरू समेत २४ औं परिचालन गरिएको उनले बताए । हुने धनुषाका प्रहरी उपरीक्षक बसन्त रजौरेले जानकारी दिए । मदिरालाई निषेध गरेकाले कही कतै बिक्री वितरण नभएको उनले जानकारी दिए ।




# निर्वाचन विरोधी सात पक्राउ

मधेशदृष्टि -
जनकपुर, कात्तिक २९ । निर्वाचन विरोधी गतिविधि गर्ने ७ जनालाई महोत्तरी प्रहरीले पक्राउ गरेको छ । निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीका ७ जना नेता कार्यकर्तालाई प्रहरीले जिल्लाको बलवा नगरपालिका वडा नम्बर-७ बनौटा टोलबाट पक्राउ गरेको हो । पार्टीका केन्द्रीय सदस्य विरेन्द्र यादव, राजेश्वर यादव र ज १ च ११७१ नम्बरको टाटासुमोका चालकसहित ७ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख प्रहरी उपरीक्षक कृष्ण पंगेनीले जानकारी दिएका छन् । उनीहरुको साथबाट चुनाव विरोधी पर्चा तथा माइकिङ सामग्री बरामद गरिएको एसपी पंगेनीले बताए ।

# मतदान केन्द्रमा मोबाइल र क्यामेरा बोक्न नपाइने

मधेशदृष्टि
जनकपुर, कात्तिक २९ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको समयमा मतदान केन्द्रमा क्यामेरा, मोबाइल र अन्य निषेधित वस्तु लैजान निर्वाचन आयोगले रोक लगाएको छ । मंगलबार मतदान केन्द्रमा क्यामेरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चारबुँदे निर्देशन जारी गर्दै आयोगले जनाएको छ । आयोगका अनुसार 'मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउन सर्वपक्षीय बैठक गराई सार्वजनिक आह्वान गरिनेछ । मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानुन बमोजिम तत्काल कारबाही गर्ने उक्त वस्तु लिएर आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा मात्र प्रवेश गर्न दिने आयोगको विज्ञप्तिमा भनिएको छ ।'कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लगी मतसंकेत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत हुने ब्यहोरा सर्वसाधारणलाई सूचित गर्ने,' आयोगले जनाएको छ । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९, निर्वाचन आचारसंहिता, २०७९ विपरीत कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउन समेत आयोगले भनेको छ ।

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

# संक्षेप समाचार

## सत्ता गठबन्धनको सरकार पक्का : चौरसीया

पर्सा क्षेत्र नम्बर २ का नेपाली कांग्रेसका प्रतिनिधीसभा सदस्य उम्मेदवार अजय चौरसियाले मंसिर ४ को निर्वाचनपछि नेपाली कांग्रेस नेतृत्वकै गठबन्धनको सरकार बन्ने र उक्त सरकारले नागरिकताको समस्या सम्बोधन गर्ने बताएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १० मा मंगलवार आयोजित कांग्रेसका अगुवा नेता कार्यकर्ताहरुसंगको भेटघाटका क्रममा कांग्रेस केन्द्रिय सदस्य समेत रहेका चौरसियाले एमालेको निर्देशनमा राष्ट्रपतिले नागरिकता विधेयक प्रमाणीकरण नगरेर रोकेर राखेको आरोप लगाए । चौरसियाले देशभरि नै कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनको लहर चलेको भन्दै अबको निर्वाचनबाटै एमाले र जसपा समाप्त हुने चेतावनी दिए । कार्यक्रममा नेपाली कांग्रेसका नेता राकेश सिंह, बुथ सभापति एव पूर्ववडा अध्यक्ष रामनगीना साह कानु, कांग्रेसका नगर सहसचिव दिपक साह, युवा नेता धिरज गुप्ता, महिला नेतृ रुपा श्रेष्ठ लगायतको सहभागीता थियो ।

## एमालेको उम्मेदवारमाथि आकर्षण : गुप्ता

पर्सा क्षेत्र नम्बर ३ बाट नेकपा एमालेका प्रतिनिधिसभा सदस्य उम्मेदवार राजकुमार गुप्ताले मंगलवार पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नं.१ दोहरी, खजुरिया, सथवल मथवल, शिधपुरमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । पर्सा क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने सखुवा प्रसौनी गाउँपालिका वडा नं. १ दोहरी, खजुरिया, सथवल मथवल, शिधपुर लगायतका टोलहरुमा घरदैलो गर्दै उम्मेदवार गुप्ताले सत्ता गठबन्धनले गरेको भ्रष्टाचार विरुद्ध जनता उत्रिने र आफूलाई जिताउने विश्वास व्यक्त गरे । उनले पर्सा लगायत मधेश प्रदेशको विभिन्न जिल्लाहरुमा बढ्दै गएको भ्रष्टाचारले आजित भएका जनता हुन गईरहेको निर्वाचनमा एमालेका उम्मेदवारहरु प्रति आकर्षण बढ्दै गएको दावी गरे । घर दैलो कार्यक्रममा प्रदेशसभा सदस्य उम्मेदवार मंजूर अंसारी , सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष यसवन्त यादव , राष्ट्रिय युवा संघ नेपाल पर्सा अध्यक्ष मोहमद निजाम , नेता हनिफ़ अंसारी, श्रीलाल साह कानु लगायतको उपस्थिति रहेको थियो ।

## मतदाताको मायाले थप उर्जा प्राप्त : द्धिवेदी

पर्सा क्षेत्र नम्बर १ को प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार अजय द्धिवेदीले मंगलवार वीरगंज महानगरपालिकाको वडा नम्बर २ छपकैयामा घरदैलो गरेका छन् । घरदैलो कार्यक्रममा मतदाताहरुसँग भेटघाट गर्दै स्वतन्त्र उम्मेदवार द्धिवेदीले पार्टीवाट विद्रोह गर्नु परेको अवस्थाले आफू मर्माहत भए पनि मतदाताको सहानुभूतिले थप उत्साहित बनेको बताए । उनले मतदाताहरुको घरघरमा पुग्दा आफूप्रति देखाएको माया र सम्मानले आफूलाई थप उर्जा मिलेको र दलीय स्वार्थभन्दा माथि उठेर काम गर्न प्रतिबद्धता व्यक्त गरे । वीरगंज महानगरपालिका वडा नम्बर २ का जौवाद अन्सारीको नेतृत्वमा घरदैलो सम्पन्न भएको थियो ।

## बढ्दै रुपेशमानको लोकप्रियता

स्वतन्त्र उम्मेदवार रुपेशमान सिंहको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको छ । वीरगंज महानगरपालिका वडा नम्वर १० अशोकवाटीका र घडिअर्वामा मंगलवार मतदाताले देखाएको स्वागत सद्भावले उनीप्रतिको लोकप्रियता बढ्दै गएको देखिएको हो । स्वतन्त्र उम्मेदवार सिंहलाई घडिअर्वाका मतदाताले स्वागत गरेका थिए । मतदाताहरुले अहिले देशले नै परिवर्तन खोजिरहेका बेला यहाँ स्वतन्त्र उम्मेदवार सिंह विजयी हुनेमा आफूहरु विश्वस्त रहेको बताएका छन् । अशोकवाटीकामा घरदैलोमा पुगेर स्वतन्त्र उम्मेदवार सिंहले मंसिर ४ गतेको निर्वाचनमा आफूलाई लालटेन छापमा मतदान गरेर विजयी बनाउन आग्रह गरे । घरदैलो अभियानमा स्वतस्फूर्त रुपमा महिला, वृद्ध, युवा लगायतको उल्लेख्य उपस्थिती रहेको थियो ।

## भौतिक संरचना उपलब्ध गराउन आग्रह

वीरगंज महानगरपालिकाले मंगलबार एक सूचना जारी गर्दै नगर क्षेत्रका सबै सामुदायिक विद्यालय तथा स्वास्थ्य चौकीहरुलाई आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि भौतिक संरचना उपलब्ध गराउन निर्देशन दिएको छ । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलद्वारा जारी सूचनामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन अनुरुप आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि विद्यालय भवन, स्वास्थ्य चौकीको भवन तथा भौतिक संरचनाहरु उपलब्ध गराउन सम्बन्धित निकायलाई निर्देशन दिईएको छ । भौतिक संरचनाहरु मंसिर २ गते शुक्रबार देखि ४ गते आइतबारसम्म उपलब्ध गराई सहयोग गर्न सम्बन्धित निकायलाई निर्देशन दिईएको महानगरपालिकाद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । यता गृहमन्त्रालयले मंगलबार एक सूचना जारी गर्दै मतदान केन्द्र रहेका विद्यालयहरुलाई मंसिर २ गते देखि ५ गते सम्म सार्वजनिक विदा घोषणा गरेको छ ।

## निर्वाचनमा दुई दिन सार्वजनिक बिदा

सरकारले मंसिर ४ र ५ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य चुनावका लागि सरकारले आउँदो मंसिर ४ र ५ गते सार्वजनिक बिदा दिने निर्णय गरेको हो । मतदानस्थल रहेका शिक्षण संस्थाहरू भने २ गतेदेखि ५ गतेसम्म नै बन्द हुनेछन् । गृह मन्त्रालयले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य चुनावका लागि मतदानस्थल रहेका शिक्षण संस्थाहरू २ गतेदेखि ५ गतेसम्म तथा सरकारी कार्यालय र सार्वजनिक निकायहरु ४ र ५ गते बन्द हुने विज्ञप्तिमार्फत् जनाएको छ ।

# सिरहा २ प्रदेशसभा
# सत्ता र प्रतिपक्ष गठबन्धनको प्रतिस्पर्धा

मुकेश कुमार यादव
सिरहा, कात्तिक २९ ।



सिरहाको निर्वाचन क्षेत्र नम्वर २ प्रदेशसभा निवार्चनमा दुवै गठबन्धनबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । क्षेत्र नम्बर २ को 'ख' मा सत्ता गठबन्धनको उम्मेदवार वर्तमान प्रदेश सांसद मदनसेन श्रीवास्तव र एमाले-जसपा गठबन्धनबाट पूर्वमन्त्री सत्रुधन प्रसाद सिंहबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।
प्रदेश 'क' मा एमाले-जसपा गठबन्धनको तर्फबाट वर्तमान कृषिमन्त्री तथा जनता समाजवादी पार्टीका नेता विजय यादब र सत्ता गठबन्धनबाट युवा नेता जिवछ यादबबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ ।
प्रदेश 'क' मा पछिल्लो समय डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि आफ्नो राम्रो उपस्थिति देखाएको छ । उनको उम्मेदवारले पनि राम्रो मत ल्याउने आशा गरेको छ । यहि क्षेत्रबाट पूर्व विना विभागीय मन्त्री राजलाल यादव हाम्रो नेपाली पार्टीबाट उम्मेदवारी दिएका छन् । जनमत र हाम्रो नेपाली पार्टीका उम्मेदवारहरुले जसपाकै मत पाउने स्थानीय बुद्धिजीवहरुको मत छ । जसका कारण यो पटक विजय यादवलाई पुनः दोहोरिन मुस्किल हुने आँकलन गरिएको छ ।
त्यसका साथै सत्तामा निर्वाचित भएर निरन्तर सत्तामा रहँदा उनले गरेका गतिविधिले पनि स्थानीय नेता कार्यकर्ता असन्तुष्ट देखिन्छन् । असन्तुष्ट मत अन्यत्र जाने सम्भावना उत्तिकै छ । यसको लाभ नेकपा माओवादीका उम्मेदवार जीवछ यादवले पाउने निश्चित छ ।
सिरहा क्षेत्र नम्वर २ मा सत्ता गठबन्धन र एमाले-जसपा गठबन्धनकै बीच भारी प्रतिस्पर्धा हुने निश्चित छ । क्षेत्र नम्बर २ मा पर्ने धनगढीमाई नपाको १२ वटा वडा , सुखिपुर नपाका १० वटै वडा ,लक्ष्मिपुर पतारी गापाको ४ वटा, अर्नामा गापाको २ वटा, बरियारपट्टी गापाको सबै, नवराजपुर गापाको सबै र औरही गापाको ५ वटै वडाहरु पर्दछन् । स्थानीय तहको निर्वाचनलाई आधार मान्ने हो भने सत्ता गठवन्धनका उम्मेदवारहरुको पल्ला भारी छ । यस क्षेत्रमा पर्ने सत्ता गठबन्धनमा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको मतलाई आधारमान्दा सत्ता गठबन्धन नै अगाडि देखिएको छ । २०७४को निर्वाचनमा क्षेत्र नम्बर २ बाट एमाले र नेकपा माओवादीतर्फका गठबन्धनका उम्मेदवार सुरेश चन्द्र दास करिव ३ हजार मतान्तरले निर्वाचित भएका थिए ।
स्थानीय तह निर्वाचनमा क्षेत्र नम्बर २ मा सत्ता गठबन्धनको जम्मा मत ३२ हजार ७ सय ४४ रहेका छन् भने इतर गठबन्धनको मत ३२ हजार ३ सय ३८ प्राप्त गरेका थिए । नगरपालिका तथा गाँउपालिकाको वडाकै मतलाई आधार मान्ने हो भनेपनि करिव ४ सय भन्दा बढि मतले सत्ता गठबन्धन अगाडि रहेको देखिन्छ । एमाले र जसपाबाट प्रदेश 'क' मा उम्मेदवारी दिएका विजय यादव यस क्षेत्रको प्रदेश सभा 'क' का वर्तमान सासंद तथा मन्त्री पनि हुन् । उनले फेरी त्यही क्षेत्रबाट प्रदेश सभामा उम्मेदवारी दिएका छन् । मन्त्री यादबलाइ कमजोर पार्नकैलागी सोही प्रदेशबाट जसपाका पूर्व विना विभागिय मन्त्री राजलाल यादबले उम्मेदवारी दिएका छन् । पूर्वमन्त्री यादबको कारण इतर गठबन्धनका उम्मेदवार कमजोर देखिन्छन् । यता प्रदेश 'ख' मा जनमत पार्टीबाट उम्मेदवारी दिएका संजय यादबको पक्कड पनि उत्तिकै रहेको स्थानीयहरु बताउँछन् । प्रतिपक्षी गठबन्धनका उम्मेदवार राजकिशोर यादव आयातित उम्मेदवार हुनु, आफ्नै पार्टीका नेता राजलाल यादव फरक पार्टीबाट उम्मेदवारी दिएका छन् । अर्का नेता मधेश प्रदेशका मन्त्री विजय कुमार यादवको घट्दो लोकप्रियताले पनि उनलाई सकस तुल्याएको यसै क्षेत्रका स्थानीयहरुको विश्लेषण छ । प्रदेश 'ख' मा भने सत्रुधन प्रसाद महतो मनोनयनकै दिन जसपा परित्याग गरी नेकपा एमाले प्रवेश गरेर उम्मेदवारी दिएकाले पनि सता गठबन्धनका उम्मेदवार मदन सेनलाई सहज भएको छ । गठबन्धनमै रहेका पार्टीका नेतालाइ एमालेले पार्टी प्रवेश गराएकाले जसपा- एमाले दुवैको मत 'ट्रान्सफर' हुनेमा आशंका देखिन्छ । यता प्रदेश 'ख'मा भने हाम्रो नेपाली पार्टीबाट उम्मेदवारी दिएका योगेश सिंह पनि पछिल्लो समय निकै चर्चामा रहेको देखिन्छ । यस क्षेत्रमा सामुदायिकताको हिसाबले पनि योगेश सिंहले एमालेबाट उम्मेदवारी दिएका पूर्वमन्त्री सिंहलाई नै कमजोर बनाउने देखिन्छ ।

# रौतहटले मुख्यमन्त्री पाउने अवसर छ : यादव

मुकेश कुमार साह
रौतहट, कात्तिक २९



नेपाली कांग्रेस मधेश प्रदेशका सभापति कृष्ण प्रसाद यादवले आफूले चुनाव जिते रौतहटले मुख्यमन्त्री पाउने अवसर रहेको बताएका छन् । गढिमाई नगरपालिकास्थित आफ्नै निजि निवास बिनगरामा पत्रकार सम्मेलन गर्दै उनले यस्तो बताएका हुन् । मधेश प्रदेशमा गठबन्धनको बहुमत आउने र सो बहुमतबाट आफूले नै मुख्यमन्त्री पाउने उनले दाबी गरे । उनी रौतहट क्षेत्र नं १ 'ख' बाट प्रदेशसभाका उम्मेदवार हुन् । उनी गठबन्धनका साझा उम्मेदवार हुन् । संविधानसभा सदस्य समेत रहिसकेका उनी गठबन्धनका शीर्ष नेताहरुको आग्रहमै आफूले प्रदेशमा चुनाव लडेको बताउँछन् । यादवले भने, 'म प्रतिनिधिसभामा लड्न चाहेको थिएँ, तर कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा सहित नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको दवावका कारण प्रदेश सांसदमा चुनाव लडेको हुँ । उहाँहरुबाट मलाई मुख्यमन्त्री बनाउने आश्वासन छ । 'उनले कार्यक्रममा बोल्दै आफू मुख्यमन्त्री बन्नकै लागि प्रतिनिधिसभा छोडेर प्रदेशसभा सदस्यमा चुनाव लडेकाले जनताको अपार बहुमत सहित निर्वाचित भई मुख्यमन्त्री बन्ने गरेका छन् ।
पाँचदलीय गठबन्धनको पूर्ण साथ र सहयोग रहेको कारण आफ्नो जीत सुनिश्चित नै रहेकोमा उनी ढुक्क देखिन्छन् । आफूसंग कसैको प्रतिस्पर्धा नरहेको दाबी गर्दै उम्मेदवार यादवले आफू जीतको नजिक रहेकोले निर्धक्क भएर रुखमा मतदान गरी आफूलाई विजयी गराउन सम्पूर्ण मतदातासँग आग्रह गरे । चुनाव जितेपछि कृषि, शिक्षा र स्वास्थ्यलाई विशेष प्राथमिकता दिएर काम गर्ने उनले बताए । चुनावका बेला जनतासँग गरेको प्रतिबद्धता चुनाव जितेपछि पूरा गर्नेसमेत उनले जनाए । प्रदेश अध्यक्ष यादवले देशका सबै प्रदेश सरकारको नेतृत्वमा परिवर्तन भएको तर गत पाँच वर्षमा मधेश प्रदेशको सरकारको नेतृत्व परिवर्तन नभएको भएपनि विकास र निर्माणको क्षेत्रमा कुनै काम नगरेको आरोप लगाए । सुखी,सम्पन्न र समृद्ध मधेश बनाउन आफ्नो जित अपरिहार्य रहेको समेत उनले ठोकुवा गरे । रौतहट क्षेत्र न.१ को 'ख' मा गठबन्धनबाट अध्यक्ष यादव, जसपा र एमालेको चुनावी तालमेलबाट निवर्तमान प्रदेश सांसद तथा कृषी राज्यमन्त्री योगेन्द्र राय यादव र स्वतन्त्र उम्मेदवारी दिएका राजेश चौधरीबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ ।

# रौतहट-४ : प्रदेशसभा 'क' मा त्रिपक्षीय भिडन्त

मुकेश कुमार साह
रौतहट, कात्तिक २९

रौतहट क्षेत्र नं ४ को 'क' प्रदेशसभा सदस्यमा त्रिपक्षीय भिडन्त हुने भएको छ । चन्द्रपुर नगरपालिका र बृन्दावन नगरपालिकाको ३ वटा वडा रहेको यस क्षेत्रमा नेकपा एमालेका अखिलेश्वर चौधरी ,एकीकृत समाजवादीका बालकृष्ण श्रेष्ठ र माओवादी केन्द्रका युवराज भट्टराईबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ । गत स्थानीय तहको निर्वाचनमा आएको मतलाई आधार मानेर उम्मेदवारहरु चुनावी मैदानमा होमिएका छन् । तीनैजना उम्मेदवार आफ्नो जितको दाबीगर्दै आएका छन् । गत स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टीले चन्द्रपुर नगरको ३ वटा वडा जितेको र त्यसकै आधारमा गठबन्धनको साथ रहेकाले आफ्नो जित पक्का रहेको माओवादीका उम्मेदवार भट्टराईको भनाई रहेको छ । नेकपा एमालेका उम्मेदवार अखिलेश्वर चौधरीले थारु समुदाय र मधेशी समुदाय अनि आफ्नो पार्टीले स्थानीय तहमा ल्याएको मतका आधारमा आफ्नो जितलाई कसैले रोक्न नसक्ने बताउँदै आएका छन् । नेकपा एकीकृत समाजवादीका उम्मेदवार बालकृष्ण श्रेष्ठले आफू युवा रहेको र युवाको मत आफ्नो पक्षमा पार्ने हिसावले आफू मैदानमा रहेको र आफ्नो जित पक्का रहेको बताउँदै आएका छन् । स्थानीय तहको निर्वाचनमा आफ्नो पार्टीले चन्द्रपुर नगरपालिकामा पाएको मत र बृन्दावन नगरपालिकाको ३ वटा वडामा आएको मत अनि युवाको साथ रहेकाले आफ्नो जितलाई नकार्न नसकिने श्रेष्ठको भनाइ रहेको छ । तीनैजना उम्मेदवार पछिल्लो समय आ-आफ्नो जितका लागि सबै अस्त्र प्रयोगमा लागेका छन् । नेकपा माओवादीका भट्टराईले आफ्नो सिधा सम्पर्क पार्टीको माथिल्लो निकायसंग रहेको र आफूले चुनाव जितेमा यो क्षेत्रको विकासका योजना बढाउने भन्दै मतदाताको समक्ष पुग्ने गरेका छन् । नेकपा एमालेका उम्मेदवार चौधरीले आफुले चुनाव जितेमा यो प्रदेशमा हुने आर्थिक अनियमितालाई निर्मुल पार्ने र एमालेको प्रदेशमा सरकार बने आफूले क्षेत्रको शिक्षा र खेलकुदको विकासमा महत्वपुर्ण योगदान पुऱ्याउने भन्दै क्षेत्रका मतदाताको घरघरमा पुगेका छन् । एकीकृत समाजवादीका बालकृष्ण श्रेष्ठले आफूले जितेमा यस क्षेत्रका युवाको विकास, रोजगारी सिर्जनाका कुरालाई प्राथमिकतामा राखेर घरदैलो अभियानलाई तिव्र पारेका छन् ।



चन्द्रपुर नगरक्षेत्रमा पछिल्लो समय साढे १२ हजार थारु समुदायको मत रहेको र त्यसको आधा मत आफ्नो पक्षमा आंउदा स्थानीय तहको निर्वाचनमा नेकपा एमालेले ल्याएको मत जोड्दा आफ्नो जित पक्का रहेको एमालेका उम्मेदवार चौधरीको दाबी रहेको छ ।
माओवादी उम्मेदवार भट्टराई पनि स्थानीय तहमा आफ्नो पार्टीले ल्याएको मत र सत्ता गठबन्धनको मतलाई जोडेर आफू जितको नजिक रहेकोमा विश्वस्त रहेका छन् ।
एमाले र माओवादीका उम्मेदवारको बिचबाट आफ्नो जित निकाल्नका लागि एकीकृत समाजवादीका बालकृष्ण श्रेष्ठ जोड तोडका साथ लागेको सो पार्टीका नेता बाबुराम दाहालले बताए । यो क्षेत्रमा स्वतन्त्र उठेका स्थानीय पत्रकार सन्तोष काफ्ले समेत आफ्नो पक्षमामतमाग्दै घरदैलोमा पुगेका छन् । उनले पनि आफ्नो जितलाई कसैले रोक्न नसक्ने बताएका छन् ।
यस क्षेत्र अन्तरगत पर्ने चन्द्रपुर नगरपालिकामा कांग्रेसले ५, माओवादी केन्द्रले ३ र नेकपा एमालेले २ वटा वडा जितेका छन् भने बृन्दावन नगरपालिकामा परेको ३ वटा वडामा नेकपा समाजवादी, नेकपामाओवादी केन्द्र र नेकपा एमालेले एक-एक वडामा जित हासिल गरेका छन् । यस अघि २०७४ को चुनावमा नेपाली कांग्रेसका धनलाल ठोकरले यस क्षेत्रमा जितेका थिए । माओवादीका देवेन्द्र पटेलसंग १३३८ मतान्तरले उनी विजय भएका थिए । ठोकरले गठबन्धनबाट प्रदेश (क) माओवादीको पोल्टामा गएपछि उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए । पछि पार्टीले कारवाही गर्ने भनेपछि उनले गठबन्धनका उम्मेदवारलाई समर्थन गर्नेगरी आफ्नो उम्मेदवारी फिर्ता लिए ।

# लोसपाले मधेशको मुद्दालाई अगाडी बढाउँछ: भण्डारी

मधेशदृष्टि
जनकपुर, कात्तिक २९



महोत्तरी क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका उम्मेदवार एवं लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का नेता शरतसिंह भण्डारीले मधेशको मुद्दालाई लोसपाले मात्रै अगाडि बढाएको दाबी गरेका छन् । मधेशको नाममा मत लिएर सत्ता भोग गर्नेहरु यहाँका मुद्दा बिर्सदै गए । तर लोसपा यहाँका मुद्दाहरु कहिल्यै छोड्न नसक्ने स्पष्ट पारेका छन् । मधेशवादलाई मजबुत पार्नकै लागि उपेन्द्र यादवको दललाई हामीले 'रेस्क्यू' गरेका थियौं, भण्डारीले भने, 'तर उनले मधेशी जनताकै बलमा सत्तामा पुगेर धोखा गरे ।' मंसिर ४ गतेको निर्वाचनमा उनलाई यहाँका जनताले गतिलो जवाफ दिने बताए । महोत्तरी २ बाट प्रतिनिधिसभामा उम्मेदवारी दिएका भण्डारीले नागरिकताको विषय सदनसम्म पुग्नुमा लोसपाकै हात रहेको दाबी गरे । देशकै ठूलो समस्याका रुपमा नागरिकताको यो मुद्दा समाधानकालागि लोसपाका उम्मेदवारहरुको पक्षमा मतदान गर्न मतदाताहरुलाई उनले अपिल गरे । यसका साथै सत्ता गठबन्धनमा आबद्ध दलहरुले देशमा संघीयताको रक्षा, संविधान कार्यान्वयन, संविधान संशोधन, नागरिकता समस्या समाधानका लागि सत्ता गठबन्धनको जीत मुलुकका लागि अपरिहार्य रहेको उनको भनाई थियो ।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने
हामी कहाँ ब्रह्मपुरीको हैरो, लेब्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।
कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रू. २,२५,000।- मा लिएर जानुहोस् ।
माधो एग्रो थ्रेसरको विशेषताहरू:
१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।
* शर्तहरु लागु हुनेछ ।
सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

सम्पादकीय

# उम्मेदवारहरुबाट सुरक्षा खतरा

आम निर्वाचन हुने मिति नजिकिदैं आएपछि उम्मेदवारहरु आआफ्नो प्रचारमा व्यस्त छन् । यता सुरक्षा प्रशासन र निर्वाचन गराउने जिम्मेवारी लिएको निर्वाचन आयोगका कार्यलयहरुमा पनि आफ्नै खालको चटारो देखिन्छ । निर्वाचन भनेको जनताले आफ्ना प्रतिनिधीहरु चुन्नै प्रणाली हो । लोकतान्त्रिक व्यवस्थाका निम्ति चुनाव अपरिहार्य मानिन्छ । र, खासमा चुनावबाट जनताको अभिमत लिइन्छ । निर्वाचन शान्तिपूर्ण हुनपर्दछ, जनताले कुनै विध्नवाधा, भयरहीत भएर निर्वाचनमा भाग लिन पाउँनुपर्दछ ।निर्वाचन शान्तिपूर्ण सत्ता हस्तान्तरणको माध्यम हो । सामान्यतया प्रत्येक पाँच पाँच वर्षमा जनताबाट नयाँ जनादेश लिनुपर्ने आवश्यता हुन्छ। निर्वाचनबाट चुनिने प्रतिनिधी भनेका मुलुकको शासनसत्ता संचालन गर्ने र कानून बनाउने अधिकार प्राप्त वैधानिक नागरिक हुन् । नेपालको संविधानले पाँच वर्षे आवधिक निर्वाचनको नीति लिएको छ।

यी भए सिद्धान्तका कुरा,लोकतान्त्रिक अभ्यास, आचरण, प्रणालीका कुरा। हामी लोकतान्त्रिक अभ्यासमा कमजोर छौं। निर्वाचनहरुमा धेरै अभ्यास भएको छैन । २०७२ को संविधान पछिको यो दोश्रो चुनाव हो । हामीकहाँ चुनावको आदर्श र मूल्यमान्यताको आधारमा निर्वाचन हुने परिपार्टी बस्न सकेको छैन । बसाउने अभ्यास पनि भैरहेका छैनन् ।त्यसैले चुनावमा शान्ति सूरक्षालाई पेचिलो पक्ष मानिन्छ । कतिपय अवस्थामा प्रश्न गर्ने गरिन्छ पनि ।


विगतका अनुभवका आधारमा प्रशासनले चुनाव लक्षीत कार्यक्रमहरु ल्याएको छ । मधेश प्रदेशको कुरा गर्दा सबै जसो जिल्लाले सीमा नाकामा कडाई गरेका छन् । सहरमा मदिरा विक्री वितरणमा निषेध गरिएको छ केही दिनका लागि । यो भए, औपचारिक, नियमित आकस्मिकता जस्तै सबै निर्वाचनहरुमा गरिने सुरक्षा व्यवस्था । मदिरा विक्री वितरणसँग सुरक्षाको के कस्तो सम्बन्ध र सरोकार रहेको हुन्छ ? त्यसको भेद त सुरक्षा अधिकारलाईनै बढी जानकारी हुनेहोला । तर, व्यवहारमा मदिरा निषेधितको आदेश पालना भएको छ त ? देखिने गरी नभएर भित्रभित्रै खानेपिने काम भैरहेका छन् । जनसाधारणका भट्टीहरु नियन्त्रित होलान, रेष्टुरेष्ट र बारहरु मालामाल कमाइरहेका हुनसक्छन् । प्रशासनका आदेशहरु पालना गर्न गराउन व्यवहारमा कति अनुकूल प्रतिकूल त्यसको सुक्ष्म विश्लेषण गरेर लागु गर्नुपर्दछ । आदेशका लागि आदेशको अर्थ, निम्सरा, निमुखाबीच भय सृजना गर्ने हुनुहुँदैन ।

समय बद्लिएको छ । संचार प्रविधीको प्रयोगको व्यापकताका कारण नयाँ नयाँ चुनौती थपिएका छन् । नक्कली नोटको कारोबार, हतियार, विस्फोटक पदार्थको ल्याउने र चुनावको बेला मतदातामा भय सृजन गर्ने अभ्यास नहोस भन्ने तर्फ प्रहरीको ध्यान जान आवश्यक छ । आसन्न चुनावमा विगतमा जस्तो घोषित रुपमा निर्वाचन बिथोल्नेहरु यस पटक देखिएका छैनन्।

को को बाट सुरक्षामा खतरा छ त? मसिनो धरातलिय विश्लेषण आवश्यता छ ।निर्वाचन गर्ने दिन, निर्वाचन सम्पन्न भइसकेपछि र मतगणनाको बेलासम्मको अवस्थाको विश्लेषण गर्न आवश्यक छ । विशेष गरेर निर्वाचन आयोग यस मामलामा बढी चनाखो, जिम्मेवार र जवाफदेही हुन आवश्यक छ ।कारण सबै भन्दा बढी खतरा उम्मेदवारहरुबाटै देखिन्छ, त्यो पनि प्रमुख राजनीतिक दलका उम्मेदबार र प्रभावशाली स्वतन्त्र उम्मेदवारबाट । कसरी ? आफूलाई अनुकूल हुने परिस्थिति अनुभव गर्ने विक्तिकै कतिपय उम्मेदवारले चुनाव बिथोल्ने, हुलदंगा मच्चाउने, मतदातमा भय सृजना गर्ने र बुथ कब्जा गर्नेसम्मका हरकत गर्ने गर्दछन् । यसका लागि उनीहरुले बलवाहु बाला जमात राखेका हुन्छन् । प्रमुख दल र प्रभावशाली उम्मेदवारहरुले प्रकारान्तले आफूलाई सहयोग हुने उदेश्यले छद्म 'डमी' उम्मेदवार उठाएका हुन्छन् । प्रचारका बेला गाडी कुदाउन, चुनावका बेला एजेन्ट राख्न र मतगणनामा गणक राख्न । उम्मेदवार बनेको छ, प्रचार प्रसार गरिरहेको छैन, कोही कसैसँग मत मागिरहेको छैन भने त्यो डमी हो । त्यस्तालाई आयोगले एजेन्ट बस्ने लगायतका कुनै पनि पास दिनुहुँदैन, उम्मेदवारको कुनै प्रमाण दिन मिल्दैन । कानूनले अधिकार पुग्ने जो कोही नेपाली उम्मेदवार बन्न पाउँछन ।उम्मेदवार बन्न पाउँने उनीहरुको नैसर्गिक अधिकार हो।तर, चुनाव दुरुपयोग गर्ने, बिथोल्ने र निर्वाचन प्रणालीलाई दुषित गर्ने उदेश्यले दुरासय राखेर कोही उम्मेदबार बनेका छन्, बनाइएको छ भने त्यस्ता उम्मेदवारले नसिहत पाउँनुपर्दछ। उम्मेदवारले पाउँने सेवा सुविधाबाट बन्चित गरिनुपर्दछ ।कारवाही चलाउनुपर्ने छद्दुम उम्मेदवारको संख्या प्रत्येक निर्वाचन क्षेत्रमा देखिन्छ । कतै कम, कतै बढी । उदाहरणमा धनुषाको ३ नम्बर क्षेत्रलाई लिऔं । यस क्षेत्रमा ९ वटा पार्टीका उम्मेदवारसँगै २१ नाम स्वतन्त्र उम्मेदवार छन्। पार्टीका उम्मेदवारको कुरा छोडौं । २१ जना स्वतन्त्र मध्ये कति उम्मेदबार मैदानमा छन त ? ४, ५ जना भन्दा बढी प्रचारमा देखिदैनन् । यसबाट के देखिन्छ भने स्वतन्त्र मध्ये दुईतीहाई बढी उम्मेदवार डमी हुन् । डमी उम्मेदवार पत्ता लगाएर तिनिहरुलाई नियन्त्रण गर्न सकियो भने निर्वाचन धेरै हदसम्म शान्तिपूर्ण हुने वातावरण बन्दछ । मुलुकको शासनसत्ताको र कानून बनाउने असिम जिम्मेवारी लिने उदेश्यले जनताको अभिमत लिनुपर्ने उम्मेदवारहरुनै छद्म उम्मेदवारको वैशाखी टेक्न पुग्नु आफैमा लज्जास्पद कुरा हो । त्यस्ता वैशाखी चुनावका प्रमुख खतरा हुन् ।

# लोक र आचार छाडेको लोकतन्त्र

भित्र पसिसके पछि पनि 'जनताको सेवक' हैन 'जनताको शासक हौं' भन्ने अहम् र दम्भले भरिएका प्रशासकहरू साक्षात् सिंह झैं छन् सिंहदरबारमा ।



- रघुनाथ अधिकारी "निलमशेखर"

आखिर 'जन्मले नेता बन्ने तिम्रो तन्त्र हामीलाई मान्य छैन' भनेर नै हामीले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था रोजेका हौं। अहिले लोकतन्त्र त पायौं तर यसको प्रयोग गर्ने पद्धति न पर्याप्त मात्रामा अरुबाट सिक्न सक्यौं न आफैले मौलिक प्रकारको लोकतान्त्रिक पद्धतिको विकास गर्न सक्यौं। हामीले भन्ने गरेको लोकतन्त्रको कैयौं पक्षहरूमा विकृततन्त्रको ऐजेरु मौलाएको हुँदा लोकतन्त्ररूपी वृक्ष होइन त्यही विकृतिको ऐजेरुलाई नै लोकन्त्रकारूपमा चित्रित गर्ने गरिँदै छ। अर्को परीक्षित उत्तम विकल्प उपस्थित नहुदाँसम्म लोकतान्त्रिक प्रणालीको विकल्प छैन र यदि यसको विकल्प केही छ भने त्यो केवल उन्नत लोकतान्त्रिक परिपाटी नै हो। यस्तो लोकतन्त्र भनेको समाजवादका आदर्शहरू बोकेको जनकेन्द्रित (पिपलसेन्टर्ड) र सहभागितामूलक (पार्टीसिपेटरी) लोकतन्त्र हो। जसलाई नेपालका धेरैजसो राजनीतिक दलहरूले लोकतन्त्र र समाजवाद दुवैका विशेषता निहित परिपाटिका रूपमा कल्पना गरेका छन्।

लोकतान्त्रिक समाजवाद वा समाजवादी लोकतन्त्रतर्फको यात्रा लोकतन्त्रको परिमार्जन, विकास र सुदृढीकरणबाट मात्र सम्भव छ। वर्तमानको कलिलो लोकतन्त्रमाथि आन्तरिकरूपमा उग्रवामपन्थ र घोरदक्षिणपन्थी अनि बाह्यरूपमा साम्राज्यवाद र क्षेत्रीय प्रभुत्ववादको निरन्तर आक्रमण भइरहेको हुनाले लोकतन्त्रका पक्षधर शक्तिहरूले यसमाथिको ध्वंसात्मक आक्रमणबाट प्रतिरक्षा गर्नुपरेको छ। साथसाथै यसमा निहित बन्न पुगेका विकृतिहरूबाट रक्षाका निम्ति रचनात्मक आलोचना पनि गर्नु परेको छ। आवधिक निर्वाचन लोकतन्त्रको प्राण भएको सन्दर्भमा प्रतिनिधिसभा र प्रदेशसभाको आसन्न निर्वाचनको सन्दर्भमा लोकतन्त्रका समेट्न नसकिएका उपयोगी पक्षहरूको अवलम्बन एवं जगेर्ना र यसका कृतिहरूबारे पर्याप्त समीक्षा गर्नु आजको आवश्यकता हो। नेपालमा लोकतान्त्रिक परिपाटीको स्थापना र अभ्यासका क्रममा यसमा वितृष्णा पैदा हुने गरी देखापरेका केही विकृतिहरूको समीक्षा यस आलेखमा प्रस्तुत गरिएको छ।

उच्च ओहोदामा तामझाम राजतन्त्रको झल्को

हाम्रो वर्तमानका राष्ट्रप्रमुख, उपराष्ट्रप्रमुख र प्रधानमन्त्री लगायतका उच्च पद र ओहदाहरू लोकतन्त्रको मूल्य र मान्यता बमोजिम जननिर्वाचित हुन्। लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बमोजिम निर्वाचित हुनुको नाताले जनतासँगको अटुट र अक्षुण्ण सम्बन्ध कायम हुनुपर्दछ तर सुरक्षा र मानसम्मानका नाममा उनीहरूलाई जनताबाट अलगथलग र टाढा पारिएको महसुस हुन्छ। राष्ट्रप्रमुखको कार्यालयमा सर्वसाधारणका लागि दक्षिण गेट प्रयोग गर्नुपर्ने तर 'ठूला मान्छे' का लागि मूलगेट खुल्लै हुने कुराले नेपाली नेपाली बीच गरिएको वर्गीय विभेदले मन अमिलो हुन्छ। कतिपय समारोहहरूमा पोशाक मापदण्ड (ड्रेसकोड) को व्यवस्था गरिएको हुन्छ। पोशाक लगाउने कुरा व्यक्तिको निजी, र सामर्थ्यमा आधारित कुरा हो। आफ्नो जेजस्तो छ फाटेको वा च्यातिएको नै किन नहोस् त्यस्तो पहिरनमा आफ्नै मुलुकका राष्ट्रप्रमुखलाई भेट्न किन नपाउने? आफ्नो राष्ट्रप्रमुख उपराष्ट्रप्रमुख र जनताका बीचमा विभेद गर्ने यो परिपाटी किन ?

राष्ट्रप्रमुख र उपप्रमुख र प्रधानमन्त्री लगायतका उच्चपदस्थका व्यक्तिहरूको सवारीमा गरिने यातायात बन्दले जनतालाई अपमानित (ह्युमिलिएट) र निरीह बनाइएको महसुस हुन्छ। यहाँ जनताको निर्वाध आवागमनको मौलिक अधिकार खोई? के सुरक्षा चुनौती भएरै हो यतिका अगुवा पछुवा, स्कट र कार्केडहरू? यस लेखकलाई लाग्छ यो वर्तमान नेतृत्वको सुरक्षा चुनौती भन्दा पनि यो पहिलेको राजतन्त्रात्मक युगको निरन्तरता बोकेको परिपाटी मात्र हो। अझ आम जनताले आफ्ना राष्ट्रप्रमुख, उपराष्ट्रप्रमुख र सरकारप्रमुख जस्ता व्यक्तिहरूलाई भेट्टाउने, सुझाव दिन पाउने गुनासो सुनाउने, खुसियाली प्रकट गर्ने लगायतका जनइच्छाहरू सुरक्षाका नाममा खडा गरिएको कर्मचारीतन्त्र पर्खाल भएर विभाजक बनेको हुने गर्दछ। यो लोकतान्त्रिक राष्ट्रप्रमुख र सरकारप्रमुख लगायतका उच्च ओहोदामा पुगेका व्यक्तिका लागि र स्वयम् लोकतान्त्रिक परिपाटीका लागि सुहाउने विषय होइन। यसमा जनकेन्द्रित लोकतान्त्रिक आचार र संस्कार अवलम्बन गरिनु आवश्यक छ।



सहरभित्रबाट बग्ने खोलाको पानी हेरेर शहर कति सफा छ भन्ने थाहा हुन्छ भनिए झैं देशको प्रमुख प्रशासनिक केन्द्रका प्रशासकहरूसँग भेट्न हुने हैरानी र उनीहरूको रुखो शासकीय व्यवहारले हाम्रो लोकतन्त्रको संस्कार कस्तो रहेको छ भन्ने कुरा राम्ररी उजागर गर्दछ।

मञ्च व्यवस्थापन र सम्मानमा वर्गीयता दलहरूद्वारा आयोजित सभासम्मेलनहरूमा मञ्चको इन्जिनियरिङ विभेदकारी हुने गर्दछ। कतिपय कार्यक्रम र स्थानहरूमा यस्ता मञ्चहरू खर्चिला र भड्किला हुने गर्दछन्। मञ्च भित्रको फर्निसिङ्गो अर्को पाटो छ जहाँ मूल नेतृत्वलाई महँगो मेञ्चको व्यवस्था गरिएको हुनु र उक्त मूल नेतृत्व भन्दा तलकालाई केही कमसल हुनु, तल श्रोतागणलाई भने सामान्य कुर्सी हुनु अझ भवन बाहिरको खुला चौरमा कार्यक्रम गरिएको भए त तल धुले चौरमा बस्ने बाध्यता हुने गर्दछ। आजकाल मञ्चमा आसीन नेतृत्वलाई बोतलबन्द पानी वा अन्य चिसो पेयको व्यवस्था हुनु र तल भुँइमा बस्ने श्रोताका लागि पानीको व्यवस्था बिरलै होला। व्याज लगाउने, खादा ओढाउने, अझ' किलोको माला लगाउने जस्ता भड्किला, आदरसूचक होइन चाकडी सूचक तथाकथित सम्मानका झाँकीहरू कसरी लोकतान्त्रिक संस्कारमा पर्दछन्? मञ्च व्यवस्थापनको सन्दर्भमा हाम्रो इन्जिनियरिङ् दर्शन सामन्तवाद, पुँजीवाद वा राजतन्त्रात्मक साम्यवाद (इमपेरियल कम्युनिजम) बाट निर्देशित हुनुका साथै नेतामुखी छ। मञ्चको निर्माण भनेको नेतृत्वका लागि आसन व्यवस्थापन हो तर खै त श्रोता वा आम जनताका लागि ? खै त श्रोता वा जनताका लागि लोकतन्त्रमा ध्यान पुर्याइएको? यो जनतालाई बेवास्ता र नजरअन्दाज गरिएको विषय हो। तसर्थ जनकेन्द्रित र सहभागितामूलक लोकतन्त्रमा सभा-सम्मेलन कक्षभित्रको ऊर्ध्वरेखीय (भर्टिकल) मञ्चहरू भत्काएर क्षैतिजिक (होरिजेन्टल) आसन व्यवस्थापन गरिनुपर्दछ। जहाँ अण्डाकार स्वरूपमा आसन व्यवस्थापन गरिनुपर्दछ ताकि श्रोताका रूपमा उपस्थित जनता र नेतृत्वले आफू एउटै वर्गमा पर्दछु भन्ने महसुस गरुन्। खुला मैदान वा चौरमा आयोजित कार्यक्रम छ भने त्यहाँ केवल एउटा वक्ताका निम्ति सम्भाषणका बेलामात्र उभिएर बोल्नका निम्ति उच्च स्थानको व्यवस्था गर्न सकिन्छ अरु सबै नै जनतासँगै बसून् ताकी जनता र नेता बीचको दूरी कम हुन सकोस्। जनकेन्द्रित लोकतन्त्रमा अग्ला मञ्चहरू भत्काइन योग्य छन्।

अर्कोतर्फ खादाले छोपिएर, अबिरले पोतिएर, मालाले पुरिएको अवस्थामा अझ ' केजीको मालाले ढाकिएको अवस्थामा आफूलाई सम्मानित भएको मूर्खतामा रमाउने नेतृत्वको आत्मरतिको विवेचना गर्दा यो केवल शक्तिको उन्माद र प्रशस्तिको लिप्साको मनोवैज्ञानिक स्वीकृतिबाहेक अरु के हुन सक्ला र? लोकतान्त्रिक र आचारिक नेतृत्व आफू जनताको प्रतिनिधि भएको हुँदा सम्मानको नाममा जनताको जीवनसँग दूरी राख्ने कुनै पनि भड्किला हर्कतहरूमा सहभागी वा मतियार हुनुहुँदैन। के खादाको ठाउँमा र मालाको ठाउँमा केवल हातमा सामान्य फूलको थुङ्गा अर्पिएर सम्मान गर्न सकिन्न? खादा त्यो चाहे सुतीबाट बनोस् चाहे अन्य रेसाहरूबाट यसले नत जाडो ढाक्छ नत सौन्दर्य नै बढाउँछ, नत समारोह पछि यो कुनै काममा उपयोगी हुन्छ। बरु खादाको साटो स्थानीय श्रम र सीपले बनेको कुनै हस्तकलाको वस्तु सम्झनाको चिनो स्वरूप उपहार दिए पछिसम्म उपयोगी हुन सक्ला।

नेतृत्वले भन्न सक्नु पर्दछ मलाई खादा नओढाउ, मलाई व्याज नलगाउ, मलाई लगाइदिने मालाको लागि पनि खर्च नगर, ठूलो माला लगाउने काम त गर्दै नगर। मेरा खातिर भड्किलो मञ्च नबनाउ, मलाई आम जनता भन्दा पृथक देखाउने प्रयास नगर। म जनताको साथी हुँ, सेवक हुँ, सहजकर्ता हुँ तर शासक हैन। मलाई त्यहाँका आम जनताको दिनचर्या र जीवनस्तर भन्दा भिन्न हुनुछैन र म भिन्न पनि छैन। अझ दलहरूले लोकतान्त्रिक आचार बनाएर लागू गर्नु पर्दछ जहाँ जनताले नेतालाई आफ्नै वर्गका प्रतिनिधि भएको महसुस गरुन्।

आफ्नै घरबाट दल सञ्चालन

दल भित्रको आन्तरिक लोकतन्त्रतर्फ विचार गर्दा यो हात्तीको देखाउने र चपाउने दाँत भिन्न भए झैं केही परिदृष्यहरू देखिन्छन्। महत्वपूर्ण निर्णय गर्नुपर्दा दलको कार्यालयमा होइन निजी निवासबाट, दलको सचिवालयबाट होइन निजी सचिवालयबाट, अझ, किचेन क्याबिनेटबाट हुने गरेको देखिन्छ। जब पार्टी सचिवालयका पदाधिकारी र सदस्यहरूले नै निजी सचिवालयका व्यक्तिहरूको चाकडी गर्नुपर्ने हुन्छ उक्त पार्टीको दुर्दशा त्यहीँबाट सुरु भएको हुन्छ। उक्त दल यो अवस्थामा वास्तविक रूपमा संस्थागत दल नभएर केही व्यक्तिहरूको सहयोगमा बनेको एक निजी कम्पनी झैं प्रतीत हुन्छ। ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न सक्ने समालोचनात्मक चेतना अझै बाँकी भएका कार्यकर्ताहरू जो नेतृत्वको सम्मान गर्छन्, नेतृत्वको कमी औंल्याउँदै त्यसमा सकारात्मक सुधारका लागि सुझाव दिन्छन् तर चाकडी गर्दैनन्, तिनीहरू विस्तारै दलको निर्णायक ठाउँबाट पाखा पारिँदै गएका हुन्छन्।

जब पार्टी सचिवालयका पदाधिकारी र सदस्यहरूले नै निजी सचिवालयका व्यक्तिहरूको चाकडी गर्नुपर्ने हुन्छ उक्त पार्टीको दुर्दशा त्यहीँबाट सुरु भएको हुन्छ। उक्त दल यो अवस्थामा वास्तविक रूपमा संस्थागत दल नभएर केही व्यक्तिहरूको सहयोगमा बनेको एक निजी कम्पनी झैं प्रतीत हुन्छ।

जब एउटा दल विधिविधान भन्दा पनि एक व्यक्तिको निजी विचार, इच्छा र आग्रहले चल्न थाल्छ यो दलभित्र सञ्चालित राजतन्त्रात्मक अभ्यास हो। जब कुनै दलको सदस्य दलद्वारा अघि सारिने विचार र नीति निर्माणमा, त्यसको कार्यान्वयनमा र मूल्याङ्कनमा सहभागी हुने मौका पाउँदैन र अरुका निर्णयहरूमा यन्त्रवत् ताली पड्काउनु पर्ने एक कर्मी माहुरी वा कमारो झैं हुनुपर्दछ त्यो राजनीतिक दलको पतन बाहेक अर्को के विकल्प हुन सक्ला र ? लोकतान्त्रिक संस्कार भनेको नीतिमुखी संस्कार हो। कुनै पनि नेतृत्व सर्वगुण सम्पन्न हुँदैन तसर्थ उसको प्रशंसा भनेको उसले ल्याएको ठीक नीति र कार्यक्रमको हो- व्यक्तिको होइन। तसर्थ प्रशंसा र आलोचना निश्चित विषयमा आधारित (इस्युबेस्ड) हुनुपर्दछ, कुनै व्यक्तिको समग्र जीवनको होइन। अत दल भित्रको आन्तरिक लोकतन्त्र सुदृढ हुनुपर्दछ र सम्पूर्णरूपमा नियमद्वारा सञ्चालित हुनुपर्दछ। यो लोकतान्त्रिक आचारको मुद्दा हो।

सामाजिक सञ्जालमा चाकडी

लोकतन्त्रले ल्याएको खुलापन र सञ्चार प्रविधिको बढ्दो पहुँचसँगै हाल सामाजिक सञ्जाल (सोसल मिडिया)मा सम्मानका नाममा चाकडी गर्ने नयाँ प्रवृत्तिको सुरुआत भएको छ। खासै व्यक्तिको जन्मदिन नमनाउने परम्परागत नेपाली समाजमा मूलतः फेसबुकले जन्मदिनको अस्पष्ट स्मृतिलाई जाग्रित गर्दै लगेसँगै सम्मानका नाममा नेतृत्वको जन्मदिनको शुभकामना लेख्ने चलनको सुरुआत भएको छ। यस्तो शुभकामना अमुक उद्देश्यको कार्य सिद्धि गर्ने मनसायले नेतृत्वको ठूलो तस्बिर र प्रशस्तिको भाषा उल्लेख गर्दै पोष्ट गर्ने प्रचलन तीव्र बनेको छ। आफ्नो लक्षित नेताको जन्मदिन मात्र हैन निजका परिवारका सदस्य समेतको जन्मदिन, विवाह, स्वास्थ्यलाभका र मृत्यु घटनाहरू पोस्ट गरी आफू सम्बन्धित नेतृत्व र उनको परिवारका सदस्यबाट समेत अनुमोदित हुँदै बढ्ता चाकडीको मुसे दौडमा राम्रो अङ्क पाउने होडबाजी गरिएको पाइन्छ । यस्तो शुभकामना छुट्टै म्यासेन्जरबाट, इमेलबाट वा एसएमएसबाट पनि दिन नसकिने होइन तर भक्त अनुयायीहरू नेतृत्व र नेतृत्वका अनुरागी समूहको झुन्ड नै तयार एवं परिचालित हुनेगरी फेसबुकबाट पोस्ट गर्दछन्। यसरी 'त्वमेव माता च पिता त्वमेव'त्वमेव सर्वम् मम देव देव' को श्लोकको अन्तर्यझैं नेतृत्वको प्रशंसा गरेपछि प्रशंसक भक्तहरूसँग सम्बन्धित नेतृत्व खुसी नहुने कुरै भएन। अब कार्यकर्ताहरूको कार्यदक्षता, जनप्रियता, क्षमता, योग्यता हैन सामाजिक सञ्जालबाट प्रेषित भक्ति, र दर्शन भेट नै उसको मूल्याङ्कनको प्रमुख मापदण्ड हुने भयो। आफूलाई लोकतान्त्रिक भन्ने नेतृत्वले र स्तुति र स्तोत्रहरूबाट आफूलाई निरपेक्ष वा अलग राख्नु पर्ने होइन? भक्ति मार्गमा होइन कर्म मार्गमा जोड दिनुपर्ने होइन? खै त लोकतान्त्रिक आचारको प्रवर्द्धन यो क्षेत्रमा ?

दलभित्रको आन्तरिक लोकतन्त्रको तहमा नेतृत्व र कार्यकर्ताका बीचमा होस या निर्वाचित जनप्रतिनिधि र निर्वाचन क्षेत्रका मतदाता आम जनताका बीचमा होस नियमित सम्वाद, सुझाव र गुनासो सुनुवाइका लागि औपचारिक र स्थापित संस्थागत व्यवस्था र अभ्यास गरिएको छैन। दलको आन्तरिक लोकतन्त्रतर्फ हेर्दा मूलत केन्द्रीय र क्षेत्रीय नेतृत्वसँग दलका सदस्यहरूको भेटघाट र अन्तरक्रिया, अपेक्षा र सुझावको सुनुवाइ नेतृत्वको इच्छामा निर्भर छ।

लोक छोडिँदो लोकतन्त्र

लोकतन्त्र भनेको 'लोक जोडिएको तन्त्र' हुनुपर्नेमा 'लोक छोडिएको तन्त्र' बन्न पुगेको छ। राजा राज्य गर्ने नभएर रजाइँ गर्ने भएकै कारणले राजतन्त्र हामीकहाँ राजतन्त्र बिदा भएको थियो। नीति निर्माणमा नायकत्व गर्नुपर्ने नेतृत्व र जनताबीच दूरी बढ्दो छ। दलभित्रको आन्तरिक लोकतन्त्रको तहमा नेतृत्व र कार्यकर्ताका बीचमा होस या निर्वाचित जनप्रतिनिधि र निर्वाचन क्षेत्रका मतदाता आम जनताका बीचमा होस नियमित सम्वाद, सुझाव र गुनासो सुनुवाइका लागि औपचारिक र स्थापित संस्थागत व्यवस्था र अभ्यास गरिएको छैन। दलको आन्तरिक लोकतन्त्रतर्फ हेर्दा मूलत केन्द्रीय र क्षेत्रीय नेतृत्वसँग दलका सदस्यहरूको भेटघाट र अन्तरक्रिया, अपेक्षा र सुझावको सुनुवाइ नेतृत्वको इच्छामा निर्भर छ। अझ केन्द्र र प्रदेशका अधिकांश जननिर्वाचित प्रतिनिधिहरू जनताको पहुँच क्षेत्रबाट उम्किएर शहरमा हराउन पुग्छन्, आफ्नो नजिक पाउनु जनताका लागि दुर्लभ कुरा हुन पुगेको छ। यसरी लोक जोडिएको भन्दा पनि लोक छोडिएका कारण लोकतन्त्रमाथि जनताको वितृष्णा बढ्ने सम्भावना छ।

सिंह ज्युँदै छ- सिंहदरवार भित्र

भनिन्छ सिंह शब्द हिंसाबाट विपर्याय भई बनेको हो, अर्थात् सिंह हिंस्रक हुन्छ र त्यो हिंसाको प्रतीक पनि हो। सिंहदरबार अहिले पनि जनमुखी छैन। जनताप्रति सिंहदरबारको घोर अविश्वास छ। नेता, जनता र कार्यकर्ता त्यहाँभित्र प्रवेश गर्नका निम्ति छुट्टै प्रवेशद्वारको व्यवस्था गरिएको छ। सर्वसाधारणको प्रवेशका लागि दक्षिण गेटमा स्टिलको बारमा लाइन लागेर भित्रको आदेश कान थापेर घण्टौं पर्खनु पर्दछ। कहिले परिचयपत्र नमिलेका कारण आफ्नो राष्ट्रको मुख्य प्रशासनिक भवनमा प्रवेश गर्नै नपाई फर्किनु पर्दछ। निश्चित व्यक्तिलाई भने सलाम ठोकेर भित्र पठाउने सिंहदरबार जनतालाई भने अपराधीलाई झैं खानतलासी गर्दछ। मानौ जनताहरू सबै नै अपराधी वा आतङ्ककारी हुन्।

सिंहदरबार छिर्न इजाजत (लाइसेन्स) पाएका सम्माननीय र माननीयज्यूहरू आफ्नै गाउँ क्षेत्रबाट सिंहदरवारमा आएका जनताहरूले पाएको यो हैरानी थाहा पाउँदा पाउँदै पनि यो व्यवहारले रत्ति पनि नदुख्ने 'के मेरा प्रजाहरूले अघाउञ्जेल दुई छाक दूधभात पनि खान पाएका छैनन्?' भनेर राजाले सोध्ने गर्थे अरे भन्ने राजाको अनभिज्ञताका सम्बन्धित उखानमा रहेको गैर जिम्मेवारीपनाको अन्तर्य निहित भएको पाइन्छ। यी माननीय र सम्माननीयहरूले जनताको हुर्मत र अपमान भन्दा पनि त्यो हुर्मतको प्रतिछोर (अर्को छेउ) मा लुकेको आफ्नो तथाकथित सम्मानमा मख्ख परेर आफूलाई विशिष्ट देखाउने मूर्खतापूर्ण र लज्जास्पद अभिमान प्रदर्शन गरिरहेका हुन्छन्। सिंहदरवारको गेटमा प्रवेशमा वर्ग छ। सरकारी झन्डावाल गाडी, अरु सरकारी गाडी, महँगा निजी गाडी, सामान्य गाडी, मोटरसाइकिल, र पैदल यात्रीहरूमाथि सिंहदरवारले गर्ने व्यवहार बिल्कुलै फरक छ।

पैदलयात्री, अझ गाउँबाट पहिलोपटक आएको रहेछ भने त्यो थप निगरानी, आदेश र नियन्त्रणले गर्दा कतै बाटो बिराएर सहर पसेको कुनै जङ्गली जनावर झैं हुर्मत लिइएको र लखेटिएको हुन्छ। अझ भित्र पसिसके पछि पनि ' जनताको सेवक' हैन 'जनताको शासक हौं' भन्ने अहम् र दम्भले भरिएका प्रशासकहरू साक्षात् सिंह झैं छन्- सिंहदरबारमा। सहरभित्रबाट बग्ने खोलाको पानी हेरेर शहर कति सफा छ भन्ने थाहा हुन्छ भनिए झैं देशको प्रमुख प्रशासनिक केन्द्रका प्रशासकहरूसँग भेट्न हुने हैरानी र उनीहरूको रुखो शासकीय व्यवहारले हाम्रो लोकतन्त्रको संस्कार कस्तो रहेको छ भन्ने कुरा राम्ररी उजागर गर्दछ। अझ चाकडी, चाप्लुसी, भ्रष्टाचारी, कमिसनका कुरा थप रहस्यमय छन् र अनुसन्धान गर्न लायक पनि छन्। यो राष्ट्रको एक सम्मानित नागरिकले अपमानित भएर सिंहदरबारमा भित्र छिरेर निस्कँदा जसरी मनमा अमिलो हुन्छ त्यो सिंहदरबार भित्रको सिंहको आक्रमण हो। हाम्रो लोकतन्त्रले खै सिकाउन खोजेको लोकतान्त्रिक आचार र संस्कार ?

व्यवस्था बदलियो तर बदलिएन नोकरशाहीतन्त्र

हाम्रो लोकतान्त्रिक परिपाटी भनिएको तन्त्रमा घुसखोरी, कमिसनखोरी, भ्रष्टाचारी, दम्भी र घमण्डी हाकिमहरूको बिगबिगी छ। जनताको सेवक हैन जनता कज्याउने शासकका रूपमा आफूलाई विशिष्ट सम्झने हाकिमहरू छन्। सेवाग्राहीहरूले आफ्नो अधिकार बमोजिमको सेवा प्राप्त गर्न पनि डराएर प्रत्येक कर्मचारी र हाकिमको चाकडी गर्नुपर्ने परिपाटीको अन्त भएको छैन। ढिलासुस्तीको कुरै नगरौं, हाकिम प्रसन्न नभए जनताको काम बन्नेवाला छैन। नेपालमा अनेक कानूनका फन्दाहरूले छिटो छरितो सेवा नै अवरुद्ध हुन पुगेको छ। यस्तो लाग्छ कि कतिपय छरिएका कानूनहरू समेटेर अब एकीकृत र चुस्त कानून बनाउनुपर्ने मात्र हैन कतिपय कानूनको क्युरेसन गर्नुपर्ने पनि अवस्था आइसकेको छ। एकखाले कर्मचारीहरूको ध्याउन्न नै कसरी कमाउने? भन्नेमै रहेको छ। हाम्रो व्यवस्था बदलिए तापनि नोकरशाही मनोवृत्ति ज्युँका त्युँ छ र यो लोकतान्त्रिक हैन शोषणतान्त्रिक एवं उत्पीडनतान्त्रिक छ।

(लेखक समाजशास्त्र तथा मानवशास्त्र विषयका अध्येता र भाषा विज्ञान विषयका अनुसन्धाता हुन्।)

साभार : आइएनएस स्वतन्त्र समाचार

# जडीबुटी प्रशोधन केन्द्र अन्तिम चरणमा

जाजरकोट, २९ कात्तिक

भेरी नगरपालिका-१ को धल्दामा जडीबुटी प्रशोधन केन्द्र निर्माण अन्तिम चरणमा पुगेको छ । २०७८ जेठ ११ गते तत्कालीन वन तथा वातावरणमन्त्री शक्तिबहादुर बस्नेतले शिलान्यास गरेको उक्त भवनको काम अन्तिम चरणमा पुगेको हो ।भेरी करिडोरको बीचमा पर्ने भेरी नगरपालिका-१ कालेगाउँ धल्दामा निर्माण भइहेको प्रशोधन केन्द्रले यहाँका सर्वसाधारणलाई लाभान्वित बनाएको बारेकोट गाउँपालिका-२ का कालीबहादुर नेपालीले बताए । सरकारी स्वमित्वको यो प्रशोधन केन्द्रले यहाँका धेरै सर्वसाधारणलाई रोजगारी दिनुका साथै भेरी करिडोर हुँदै जिल्ला बाहिर जाने जडीबुटी जिल्लाभित्र नै प्रशोधन भएर बाहिर जाने अपेक्षा लिइएको छ । डोल्पा, जाजरकोट र रुकुमपश्चिमका व्यापारी अहिले यहाँ प्रशोधन नहुँदा लुम्बिनी प्रदेशको नेपालगञ्जमा लिने गरेका छन् ।रु तीन करोड २९ लाखको लागतमा उक्त भवन निर्माण हुन लागेको हो । भवन निर्माणलगत्तै अन्य उपकरण ल्याएर जडानको काम सुरु गरिने जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले जनाएको छ । सरकारी स्वमित्वमा रहेको यो केन्द्रले जाजरकोटका साथै जुम्लालाई समेत सहयोग पुग्नेछ । जाजरकोट-जुम्ला सुरुङमार्ग



निर्माण हुनबित्तिकै जाजरकोट हुँदै कर्णालीका सर्वसाधारण देशका विभिन्न ठाउँमा जाने बाटोसमेत खुल्ने छ ।अहिले रहेको जुम्ला, कालीकोट, दैलेख हुँदै सुर्खेत जाने सडकभन्दा जाजरकोट भएर सुर्खेत नेपालगञ्ज जानका लागि सात घण्टा बाटो छोटो हुने गर्दछ ।

कर्णालीको सबैभन्दा बढी जडीबुटी डोल्पा, जुम्लालगायतका साविकको कर्णालीमा बढी पाइने गर्दछ ।डोल्पा र रुकुमपश्चिममा उत्पादन भएको जडीबुटीसमेत भेरी करिडोर हुँदै यहाँ ल्याउन सजिलो हुने गर्दछ। भेरी करिडोर नेपाल-भारतको सिमाना जमुनाहबाट सुरु भएर चीनको तिब्बतसम्मा जोडिने गर्दछ । त्रिदेशीय सडकका रूपमा लिइने भेरी करिडोरको जाजरकोटबाट स्तरोन्नति अहिले सुरु भएको छ । स्तरोन्नति सकिएपछि सबैभन्दा बढी जडीबुटी व्यापारीका साथै आर्थिक उर्पाजनका रूपमा स्थानीयवासीलाई पनि पर्नेछ । धल्दा रुकुमपश्चिम, सल्यान र डोल्पाको बीचमा भागमा पर्दछ ।प्रशोधन केन्द्र बनेपछि सङ्कलित जडीबुटी प्रशोधन भई आयआर्जनमा प्रत्यक्ष फाइदा पुग्ने देखिएको छ । तीन जिल्लामा अमला, रिठ्ठा, काउलोको पात, चुत्रोको बोक्रा, पावन काउलो निकासी भएको छ । यस्तै रातो च्याउ, अल्लो, टिमुर, काँकडसिङ्गो, लोक्ता, कटुकी, सुगन्धवाल, चिराइतो र काउलो, बोझ्रो, कुरिलो, गुच्ची च्याउ, पदमचाल, तिल्याइलो, विषजरा, यार्सागुम्बु र भृङ्गीराज देशका अन्य स्थानका साथै चीन र भारत निकासी हुँदै आएको छ ।चिराइतो, पदमचाल, कटुकी, वनलसुन, सतुवा, सुनाखरी, सेतकचिनी, लोक्ता, अल्लो, सिटमुर, रिठ्ठाको सङ्कलन तथा निकासी भएको छ । प्रशोधन केन्द्रमार्फत् वार्षिक रु १० करोडको व्यापार हुने अनुमान गरिएको छ ।रासस

# स्वच्छ ऊर्जा विस्तारमा नेपालको अगुवाइ

काठमाडौँ, २९ कात्तिक

केही वर्षअघिसम्म ऊर्जा सङ्कटकालको सामना गरिरहेको नेपाल अहिले विद्युत् ऊर्जामा आन्तरिक माग धान्न सक्ने मात्र नभई वर्षायाममा निर्यात गर्ने अवस्थामा पुगेको छ । नेपालले प्रदूषित ऊर्जा स्रोतहरुबाट स्वच्छ विद्युत् ऊर्जातर्फ छिटाभन्दा छिटो रुपान्तरणको दिशामा बढेको छ । यसले हरित गृह ग्यासको उत्सर्जन कम गर्नुका साथै आर्थिक जोखिमतालाई घटाउन पनि मद्दत पुग्दछ । नेपालको ९८ प्रतिशत विद्युत् उत्पादन जलविद्युत् र नवीकरणीय ऊर्जाका स्रोतहरुबाट हुने गर्दछ । यस्ता स्वच्छ ऊर्जाका स्रोतहरुबाट अहिले २२ सय मेगावाट विद्युत् आपूर्ति भइरहेको छ भने पाँच हजार मेगावाट निर्माणाधीन रहेका छन् । त्यसैले देश विद्युत्बाट खाना पकाउन, विद्युतीय सवारी, औद्योगिक तथा व्यापारिक क्षेत्रमा आपूर्ति गर्ने सम्भावना रहेको छ भने कृषि क्षेत्रमा तताउन, चिस्याउन र पानी तान्न सकिन्छ । यसले गर्दा नेपालको ऊर्जासँग सम्बन्धित क्षेत्रबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जनलाई २०३० सम्म ८.६ मिलियन मेटिक टन र २०४५ सम्म ३५०० मिलियन मेट्रिक टन न्यूनीकरण गर्न सकिन्छ । यसबाहेक स्वच्छ ऊर्जा उत्पादनको उल्लेखनीय उपयोगबाट नेपालले दक्षिण एसियामै हरित गृह ग्यास उत्सर्जन कम गरी घरायसी उत्सर्जनलाई घटाउन सक्ने देखिन्छ । यसका लागि नेपालले सुक्खायाममा स्वच्छ ऊर्जाको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसो भएमा ४५ गिगावाट जलविद्युत् र नौ गिगावाट सौर्य ऊर्जाबाट प्रतिवर्ष नौ अर्ब अमेरिकी डलर बराबरको राजस्व आम्दानी हुन सक्छ । यस्तो व्यापारले प्रतिवर्ष सय मिलियन टनभन्दा बढी कार्बनडाइअक्साइड उत्सर्जन घटाउन सकिन्छ । यसले कोइला बालेर र प्राकृतिक ग्यासका उत्पादन केन्द्रहरुबाट उत्पादन हुने उत्सर्जनलाई प्रतिस्थापन गर्न योगदान पुग्दछ ।नेपालले परम्परागत बायोमास र आयातीत इन्धनबाट स्वच्छ ऊर्जा स्रोतका रुपमा रुपान्तरण हुने हो भने नेट निरो उत्सर्जनको लक्ष्य हासिल गर्न यससम्बन्धी दीर्घकालीन




रणनीति बनाउनुपर्ने विज्ञहरुको सुझाव छ । ऊर्जा क्षेत्रले नेपालको कूल उत्सर्जनको झन्डै ५४ प्रतिशत हिस्सा ओगट्ने कार्बनडाइअक्साइडको उत्सर्जनमा ठूलो योगदान दिन सक्ने देखिन्छ । हरितगृह अत्यन्त न्यून मात्र उत्सर्जन गर्ने नेपालले जलविद्युत् तथा नवीकरणीय ऊर्जाको उपयोग गरी देशभित्र ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूमा समेत निर्यात गरी त्यहाँको कोइला र प्राकृतिक ग्यासको खपत घटाई हरित गृह ग्यासको उत्सर्जनलाई न्यूनीकरण गराउन सहयोग गर्न सक्ने बारेमा यो दिवसमार्फत जानकारी गराउने अवसर प्राप्त हुने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारीले बताए । जलविद्युत्ले नेपालको विद्युत् प्रणालीमा महत्वपूर्ण भूमिका खेलेको छ । यद्यपि, नेपालमा जलविद्युत् उत्पादनमा विविधता रहनु एउटा मुख्य चुनौतीको विषय रहेको छ । वर्षायाममा विद्युत् उत्पादन बढी हुने गर्दछ भने हिउँदको सुख्खायाममा आवश्यक विद्युत् उत्पादन हुन नसक्दा भारतबाट आयात गर्नुपर्ने अवस्था रहेको छ । नेपालको विद्युत् उत्पादन क्रमशः बढ्दै गएको छ, जसले बढ्दो विद्युत्को मागलाई धान्न सक्ने देखिन्छ । साथै, बढी भएको विद्युत् निर्यात गर्न सक्ने अवस्थामा रहे पनि यससम्बन्धी थप नीतिको खाँचो रहेको छ । नेपालले यस्ता चुनौती र अवसरहरुलाई आत्मसात् गर्दै ऊर्जा सम्मिश्रणबाट विद्युत् उत्पादनको कर्भलाई बिस्तारै बढाउँदै लैजान सकिन्छ । विद्युत्को बढ्दो मागलाई पूरा गरी अन्तरदेशीय ऊर्जा व्यापारलाई कार्यान्वयनमा ल्याउन सकिन्छ । नेपालले यहाँ रहेको सौर्य ऊर्जाको अपार सम्भावनालाई पनि उपयोग गरी सुख्खायाममा जब नदीहरुमा पानीको बहाव घट्दै जान्छ, त्यतिबेला जलविद्युत्को परिपूरकका रुपमा विद्युत् उत्पादन गर्न सकिन्छ । जबकि नेपालमा सौर्य ऊर्जाको सम्भावना उच्च रहेको छ । यस अतिरिक्त विद्युत्को अभाव भएका क्षेत्रहरुमा ऊर्जा भण्डारण प्रणालीमार्फत विदुत् आपूर्ति गर्न सकिन्छ, जसले ग्रामीण क्षेत्रमा स्तरीय ऊर्जा वितरणलाई बढाउन मद्दत पुग्दछ र अतिरिक्त प्रसारण पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकतालाई कम गर्न सकिन्छ ।

ऊर्जा दिवसको अवसर

इजिप्टको शर्म अल शेखमा हाल जारी जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरुको २७औँ सम्मेलन (कोप-२७) को अवसरमा आज आयोजना गरिने ऊर्जा दिवस नेपालका लागि निकै महत्वपूर्ण अवसरका रूपमा हेरिएको छ । ऊर्जाका विविध पक्ष र जलवायु परिवर्तनलगायत नवीकरणीय ऊर्जा र ऊर्जा सङ्क्रमणका बारेमा ऊर्जा दिवसका अवसरमा आयोजित कार्यक्रममा छलफल हुने बताइएको छ । विशेषगरी ऊर्जा क्षेत्रमा हाल देखिएको सङ्क्रमण र भविष्यका लागि सम्भावित ऊर्जा स्रोतका रुपमा हरित हाइड्रोजनका बारेमा चर्चा हुनेछ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेसहितको उच्चस्तरीय सरकारी अधिकारीहरु ऊर्जा दिवसमा सहभागी हुन इजिप्ट पुगिसक्नुभएको मन्त्रालयले जनाएको छ । गत वर्ष स्कटल्यान्डको ग्लास्गोमा सम्पन्न कोप २६ का अवसरमा पहिलोपटक आयोजना गरिएको ऊर्जा दिवसमा नेपाल सरकारले सन् २०४५ सम्म नेट जिरो कार्बन उत्सर्जन गर्ने लक्ष्य घोषणा गरेको थियो । यद्यपि, नेपालको ऊर्जा क्षेत्र अहिले पनि परम्परागत बायोमास र आयातीत इन्धनमा नै निर्भर रहेको छ । यसले वातावरण, जनस्वास्थ्य र राष्ट्रिय अर्थतन्त्रमा नै नकारात्मक प्रभाव पुर्‍याएको छ ।

ऊर्जा दिवसका अवसरमा हरित ऊर्जा क्रान्ति तथा आर्थिक वृद्धि, समावेशिता र दिगो विकासका उद्देश्यहरू हासिल गर्न स्वदेशमै उत्पादन हुने विद्युत्को खपत वृद्धि गरी महङ्गो मूल्यमा आयात गरिने इन्धनलाई कम गर्न, स्वदेशी स्वच्छ ऊर्जाबाट बढ्दो ऊर्जाको माग पूरा गर्न र छिमेकी मुलुकहरूलाई विद्युत् निर्यात गरी असन्तुलित व्यापार घाटा कम गर्न एवं विदेशी मुद्रा आर्जन गर्न सक्ने सम्भावनाका बारेमा नेपालले आफ्नो धारणा राख्नेछ । नेपाललाई विश्व समुदायमा यस क्षेत्रमा भइरहेका कार्यहरुका बारेमा बुझ्ने अवसर मिलेको डा अधिकारीले बताएँ । स्वच्छ ऊर्जाको रुपान्तरणमा नेपालले विश्वमै नेतृत्व लिन सक्ने देखिन्छ । कोप २७ को अवसरमा आयोजित ऊर्जा दिवसले नेपालको यस सम्भावनालाई विश्वमा उजागर गर्ने अवसर दिएको छ । नेपाल ग्रिन ग्रिड इनिसेटिभ एन्ड पावरिङ पाष्ट कोल एलायन्समा सहभागी हुनाका साथै कोइलारहित प्रतिबद्धतामा हस्ताक्षर गर्ने अन्तिम चरणमा रहेको छ । यससँगै ती प्रतिवद्धताहरुमा नेपालले कोप २७ मा स्वच्छ ऊर्जाका स्रोतहरुका लागि लगानी बढाउन के के कामहरु भएका छन् र स्वच्छ ऊर्जा व्यापार र उत्सर्जन न्यूनीकरणका लागि जलवायु नियमहरु के कति पालना भएका छन् भनेर सहभागी अन्य देशहरुसँग प्रश्न गर्न सक्नेछ । नेपालको ऊर्जा विकासका लागि मिश्रित स्वच्छ ऊर्जा विकास र रुपान्तरण अति नै महत्वपूर्ण विषय हो जसले क्षेत्रीय जलवायु न्यूनीकरणलाई अगाडि बढाउन मद्दत पुग्ने काठमाडौँस्थित बेलायती दूतावासका सस्टेनबल ग्रोथ टिमका प्रमुख हैडी ताभाकोली बताउनुहुन्छ । बेलायत सरकार नेपालको ऊर्जा क्षेत्रको विकास र जलवायुसम्बन्धी कार्यलाई अगाढिड बढाउन प्रतिबद्ध रहेको उनको भनाइ छ । बेलायतले नेपाल सरकारलाई बहुविकास साझेदारका रुपमा साझेदारीमा ग्रिड संरचना र नेपाल नवीकरणीय ऊर्जा कार्यक्रम (एनआरइपी) मार्फत स्वच्छ ऊर्जा सङ्क्रमणका लागि केही वर्षदेखि सहयोग गर्दै आएको छ । एनआरइपी नेपाल सरकार र संयुक्त अधिराज्य सरकारबीच भएको एक सम्झौताअनुसार कार्यान्वयन गरिएको छ। नेपाल सरकार/वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत कार्यान्वयन गरिएको यो कार्यक्रममार्फत दिगो ऊर्जा चुनौती कोष सञ्चालन भएको छ ।

सार्वजनिक सहयोगबाट नेपालमा नवीकरणीय ऊर्जाको विकासका लागि पूर्ण रुपमा निजी क्षेत्रलाई सहयोग गर्न सञ्चालन भएको पहिलो कोष पनि हो । यस कोषबाट लगानी सहयोगमा देखिएको अन्तर कम गर्न, स्वच्छ ऊर्जाको पहुँच विस्तार गर्न नवीकरणीय ऊर्जा एवं स्वच्छ ऊर्जा सङ्क्रमण परियोजनामा लगानी गर्न तथा आर्थिक वृद्धि र रोजगारी सिर्जनामा सहयोग गर्नेछ । यस कार्यक्रमअन्तर्गत हालसम्म सौर्य रुफटप परियोजना, सौर्य सिँचाइ परियोजना र बजारमा आधारित अवधारणामार्फत छ हजारभन्दा बढी विद्युतीय चुलो जडान गरिएको छ । विद्युत्को अधिकतम् प्रयोग गरी केही वर्षभित्रै सम्पूर्ण नेपालीलाई स्वच्छ विद्युतीय ऊर्जा उपलब्ध गराउन सकिने अवस्था रहेको सचिव घिमिरेले बताउछन् । विश्वका धेरै मुलुकको सहभागिता रहेको कोपजस्ता अन्तराष्ट्रिय मञ्चहरुमा नेपालले हरित गृह ग्यासको उत्सर्जन कम गर्न स्वच्छ ऊर्जा स्रोतहरुमा लगानीका लागि आग्रह गर्न तथा अन्य देशमा हरित ऊर्जाको व्यापार एवं उत्सर्जन घटाउने पहिचान गराउन सकिने उनको भनाइ छ । रासस

# निर्वाचनले हवाई यात्रु बढे, चुनावका दिन चार्टर्ड उडान मात्रै

काठमाडौँ, २९ कात्तिक

आसन्न निर्वाचन नजिकिएसँगै हवाई यात्रुको चाप पनि बढेको छ । निर्वाचनको माहोल बढ्दै जाँदा राजधानी काठमाडौँ भित्रिने र बाहिरिने यात्रुहरुको सङ्ख्या बढेको विमानस्थल कार्यालयले जानकारी दिएको छ । दैनिक १४ हजारभन्दा बढीले काठमाडौँस्थित आन्तरिक विमानस्थल प्रयोग गरिरहेको विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले जानकारी दिए । निर्वाचन नजिकिएसँगै आन्तरिक उडानमा चाप बढेको छ, यात्रुको चापले विमानस्थल भरिभराउ छ, उनले भने । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका लागि मतदाता गन्तव्यमा पुग्नुपर्ने भएकाले अहिले यात्रुको भीडभाड बढेको हो । यात्रुको सङ्ख्या बढेपछि दसैं तिहारमा जस्तै एयरलाइन्सको विजनेश पनि बढेको छ । वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले निर्वाचनको सन्दर्भमा आन्तरिक उडानमा केही चाप बढेको बताए । उनका अनुसार निर्वाचनको अघिल्ला दिन मङ्सिर १, २ र ३ गते तथा मतदानपछि मङ्सिर ५ र ६ गते उडानको चाप बढी हुने अनुमान गरिएको छ । निर्वाचन अघिका तीन दिन र निर्वाचन पछिका दुई दिन हवाई उडानमा अध्यधिक चाप हुनेछ, अहिले निर्वाचनको सङ्घारमा पनि उडानका यात्रु बढेका छन, प्रवक्ता शर्माले भने । निजी क्षेत्रका अग्रणी वायुसेवा प्रदायक कम्पनी बुध्द एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य एयरलाइन्स, गुण एयरलाइन्सलगायत कम्पनीमा उडान चाप छ ।बुध्द एयरका वरिष्ठ कार्यकारी प्रबन्धक परासरजङ्ग पाण्डेले पछिल्ला दिनमा उडान चाप बढेको बताए । उनका अनुसार अहिले बुध्द एयरका उडानमा औसत अकुपेन्सी ९० प्रतिशतभन्दा बढी छ । अहिले सामान्य अवस्थामाभन्दा केही यात्रुको सङख्या बढेको छ, आगामी शुक्रबार र शनिबार सङ्ख्या अझ बढ्ने देखिएको छ, उनले भने , यी दुई दिनका लागि बुकिङ पनि बढेको छ। बुध्द एयरले हाल दैनिक एक सय ५० उडानमार्फत् सात हजार पाँच सयभन्दा बढी यात्रुलाई सेवा दिइरहेको छ । कम्पनीसँग ७२ सिट क्षमताका ११ र ४५ सिट क्षमताका तीन गरी १४ एटिआर र दुई बिचक्राफ्ट गरी कूल १६ जहाज छन् । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले निर्वाचनको सङ्घारमा आन्तरिक उडानमा चहलपहल बढेको बताए । कम्पनीको अहिले उडान अकुपेन्सी ८५ देखि ९० प्रतिशत हाराहारीमा रहेको उनको भनाइ छ । तर पछिल्लो समय हवाई इन्धनका कारण टिकट मूल्य बढेकाले यसको विकल्प खोज्नेहरु पनि बढेको उनको भनाइ छ। उनका अनुसार काठमाडौँदेखि नजिकको गन्तव्य मानिने सिमराका लागि न्यूनतम रु तीन हजार छ सय र बढीमा चार हजार १५ भाडा दर कायम छ। साथै, काठमाडौँ-धनगढीका लागि अधिकतम रु १६ हजार भाडा तोकिएको छ । यती एयरलाइन्सले छ थान एटिआरमार्फत् सेवा दिइरहेको छ । श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरका अनुसार अहिले आन्तरिक उडानमा सामान्य चाप छ । निर्वाचनले उडानमा चाप बढेको छ तर धेरै चाप भने छैन, उनले भने।

मङ्सिर ४ गते उडान नहुने

मतदान हुने दिन मङ्सिर ४ गते आन्तरिक उडानतर्फ नियमित उडान भने हुने छैन । उक्त दिन अत्यावश्यक र चार्टड उडान मात्रै हुने विमानस्थल कार्यालयको भनाइ छ । चार्टर्ड उडान र अत्यावश्यक उडानका लागि निर्वाचन आयोगसँग सहमतिमा हुनसक्छ तर नियमित उडान भने हुदैन, विमानस्थलका प्रवक्ता सिटौलाले भने। निर्वाचनका दिन अन्तर्राष्ट्रिय उडान भने सामान्य रुपमा सञ्चालन हुने उनको भनाइ छ ।रासस

# मङ्सिरमा ब्याजदर नबढ्ने

काठमाडौँ, २९ कात्तिक

वाणिज्य बैंकहरूले आगामी मङ्सिरमा निक्षेपको ब्याजदर नबढाउने भएका छन् । आज बसेको वाणिज्य बैंकहरुको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घको बैठकले मङ्सिरमा निक्षेपको ब्याजदर नबढाउने निर्णय गरेका हुन । आम रुपमा बैंकको ब्याजदर घटाउनुपर्ने माग उठ्दै आएको छ । निक्षेपको ब्याज बढ्दा कर्जाकोसमेत ब्याज बढ्न जाने भएकाले अर्थतन्त्रका अन्य क्षेत्रमा चाप पर्दै आएको छ। ब्याजदर बढ्दा आर्थिक क्षेत्रमा चाप परेको र लगानीको वातावरण क्रमशः बिग्रदै गएको भन्दै नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ तथा नेपाल चेम्बर अफ कमर्सलगायतका सङ्घ संस्थाले ब्याजदर तत्काल घटाउन माग गरिरहेको छन् । यही सन्दर्भमा बैंकर्स सङ्घले मङ्सिरमा भने निक्षेपको ब्याजदर नबढाउने निर्णय गरेको सङ्घका उपाध्यक्षसमेत रहेका एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले जानकारी दिए । सङ्घले ब्याजदर नबढाउने निर्णय गरेसँगै कात्तिक महिनामा लागू गरिएको ब्याजदर नै लागू हुनेछ । बैंकहरुले निक्षेपमा व्यक्तिगत मुद्दती निक्षेपमा १२ दशमलव १३ प्रतिशत र संस्थागततर्फ नौ दशमलव १३ प्रतिशत ब्याज प्रदान गरिरहेका छन् । गत वर्षको चैतदेखि गत असोजसम्म मासिक पूर्ववत् ब्याजदरमा १० प्रतिशतका दरले निक्षेपको ब्याजदरमा वृद्धि गर्ने निर्णय गरिएको थियो । गत भदौसम्म व्यक्तिगत मुद्दती निक्षेपमा ११ दशमलव शून्य ३ प्रतिशत तथा संस्थागत मुद्दती निक्षेपमा नौ दशमलव शून्य तीन प्रतिशत ब्याजदर रहेको थियो ।रासस

# अवैधरूपमा भित्रिएका माछा नष्ट

भरतपुर, २९ कात्तिक

भारतबाट अवैधरूपमा नेपाल भित्र्याइएको अस्वस्थकर माछा चितवनमा नष्ट गरिएको छ । नवलपरासीको बर्दघाटबाट काठमाडौँ लैजाँदै गरेको अवस्थामा पङ्गासियस जातका माछा कृषकले सशस्त्र प्रहरी बलको सहयोगमा नियन्त्रणमा लिएर सोमबार नष्ट गरेका हुन् । लु३च ३३३६ नंको योद्धा पिकअप गाडीमा ५० वटा कार्टुनमा राखिएका दुई हजार किलो माछा चितवनको रामनगरमा नियन्त्रणमा लिएर नष्ट गरिएको छ । नष्ट गरिएको माछाको बजार मूल्य करिब रु चार लाख हुने जनाइएको छ । कागजपत्र र अवस्था हेर्दा नेपाली बिलमा भारतीय माछा ल्याएको पुष्टि भएपछि माछा नष्ट गरिएको मत्स्य व्यवसायी सङ्घ चितवनका अध्यक्ष खगेन्द्र सुवेदीले जानकारी दिए । नवलपरासी पश्चिमको प्रतापपुर गाउँपालिका-२ का २३ वर्षीय विवेककुमार तेलीले अवैधरूपमा माछा भित्र्याएर नेपाली गाडीमा काठमाडौँ लैजाँदै गरेका व्यवसायीको भनाइ छ ।चितवनका व्यवसायीले गत असोज १ गतेदेखि नियमित अनुगमन गर्दै आएका छन् । सोही क्रममा तेस्रोपटक अवैध



माछा नियन्त्रणमा लिइएको हो । भारतीय तथा अवैध माछाको आयातमा रोक लगाउने भनेर सम्बन्धित पक्षबीच छलफल चलाएर निर्णय नै गरिसक्दासमेत आउने क्रम नरोकिएपछि मत्स्य व्यवसायीले अनुगमनलाई जारी राखेका छन् । चितवनमा वार्षिक करिब छ हजार पाँच सय टन माछा उत्पादन हुँदै आएको सङ्घले जनाएको छ । क्रसर उद्योग बन्द गर्न निर्देशन भरतपुर महानगरपालिकाले नारायणगढ-मुग्लिनसडकखण्डको भोर्लेमा सञ्चालनमा रहेको क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको छ । सोमबार स्थलगत अनुगमनमा गएको महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारी नेतृत्वको टोलीले भरतपुर महानगरपालिका-२९ भोर्लेमा सञ्चालनमा रहेको क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको हो ।क्रसर उद्योग नवीकरण नगरी सञ्चालन गरेका कारण बन्द गर्न निर्देशन दिइएको उपप्रमुख अधिकारीले जानकारी दिए । नारायणगढ-मुग्लिन सडकखण्ड निर्माणको क्रममा सञ्चालनमा आएको क्रसर उद्योग अहिले पनि सञ्चालनमा रहेको भेटियो, उनले भने आवश्यक कागजातको प्रक्रिया नपुऱ्याएसम्म बन्द गर्न निर्देशन दिएका छौं ।

उनले महानगरपालिकाले नदीजन्य पदार्थ उत्खननका लागि इआइए गरेर बोलपत्रमार्फत प्रक्रिया अघि बढाउने तयारीमा रहेको जानकारी दिए। कुन-कुन ठाउँको नदीजन्य पदार्थ निकाल्न सकिन्छ भनेर नै स्थलगत अनुगमनमा गएका हौं, इआइएपछि मात्रै सम्पूर्ण प्रक्रिया सुरु हुन्छ, उनले भने । महानगरपालिकाभित्र उद्योग तथा कलकारखाना बिनादर्ता र नवीकरण नगरी सञ्चालन गर्न नपाउने जनाउँदै उपप्रमुख अधिकारीले राजस्व छल्ने अधिकार कसैलाई नभएको स्पष्ट पारे ।रासस

# महोत्तरी तीनमा उम्मेदवारलाई मतदाता भेट्न भ्याइनभ्याइ

महोत्तरी, २९ कात्तिक

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको मतदान नजिकिँदैछ । जिल्ला सदरमुकाम जलेश्वर नगर क्षेत्रसमेत सम्मिलित महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रका उम्मेदवारलाई अहिले मतदाता भेट्न भ्याइनभ्याइ छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका राष्ट्रिय अध्यक्ष महन्थ ठाकुर, तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लाल र जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य हरिनारायण यादवसहित २१ प्रतिनिधिसभाका उम्मेदवार छन । संयोग नै भन्नुपर्छ, ठाकुर, लाल र यादवले विगतमा नेपाली कांग्रेसबाट राजनीति प्रारम्भ गरेका थिए । तत्कालीन पञ्चायतकालमै कांग्रेसमा आवद्ध रही प्रजातन्त्र पुनःस्थापनाको आन्दोलनमा लामो योगदान दिएका यी तीनै नेता २०६२/६३ को मधेस आन्दोलनपछि तत्कालीन तमलोपा र मधेसी जनअधिकार फोरममा आवद्ध भए । ठाकुर र लाल तमलोपामा र यादव तत्कालीन फोरमबाट नयाँ राजनीति यात्रा सुरु गरेका थिए । यादव विसं २०६४ को पहिलो संविधानसभामा जिल्लाको तत्कालीन क्षेत्र नं २ बाट निर्वाचित भएका थिए । २०७७ सालमा उपेन्द्र यादव नेतृत्वको सङ्घीय समाजवादी पार्टी र तमलोपा एकीकरण हुँदा तीनैजना एउटै दलमा आवद्ध हुन पुगे । तर यो एकीकरण एक वर्ष नपुग्दै २०७८ मा पुनः विभाजन आएको थियो । २०७४ सालको निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी र सङ्घीय समाजवादी पार्टी गठबन्धनमा चुनाव लड्दा लाल र यादव अध्यक्ष ठाकुरका सहयोगी थिए । अहिले तिनै पूर्वसहयोद्धा र सहयोगी अध्यक्ष ठाकुरका यसपटकका मुख्य प्रतिष्पर्धीमा उत्रिएका छन् । उम्मेदवार त २१ जना छन, सबै जनताकै बीच देखिन्छन , जलेश्वरवासी मनोज झा भन्छन, तर अहिलेसम्मको जनप्रतिक्रिया हेर्दा ठाकुर, यादव र लालको बढी चर्चा सुनिन्छ । ठाकुर यसअघि २०७४ को निर्वाचनमा यसै क्षेत्रबाट निकटतम् तत्कालीन वाम



गठबन्धनका प्रतिष्पर्धीभन्दा झण्डै तेब्बर मत बढी पाएर प्रतिनिधिसभामा विजयी भएका थिए । खासमा अहिलेको आसन्न निर्वाचन परिणाम जसको पक्षमा आए पनि क्षेत्रको चर्चा भने ठाकुरको उम्मेदवारीले बढाएको कुरा सामान्यतया यहाँ सबैले स्वीकार्छन् । यसपालि दोस्रोपटक यो क्षेत्रबाट उम्मेदवार बनेका ठाकुरले २०७४ को निर्वाचनमा आफ्ना निकटका सहयोगी जसपा नेपालका केन्द्रीय सदस्य हरिनारायण यादवसँग कडा टक्कर लिनुपर्ने आकलन धेरैले गर्दछन् । २०७४ मा वाम गठबन्धनबाट एमालेका उम्मेदवारलाई करिब तेब्बर मतले पछि पार्दै विजयी भएका ठाकुर यसपालि भने आफ्ना यसअघिका सहयोगीसँगको प्रतिस्पर्धाले ढुक्क हुने स्थिति भने नरहेको कतिपयको अड्कल छ । ठाकुरका सहयोगी फेरिएका छन् । कांग्रेसले त २०७४ मा पनि उहाँको समर्थन गरेको थियो, त्यो यसपालि पनि सत्ता गठबन्धनमार्फत कायम छ । गठबन्धनमार्फत नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) ठाकुरका नयाँ सहयोगी बनेका छन् । यसअघि २०७४ मा फराकिलो अन्तरको विजय, राष्ट्रिय व्यक्तित्व र सत्ता गठबन्धनका साथ ठाकुरको अहिलेको जितका लागि मुख्य आधार लोसपाका नेता-कार्यकर्ताले मान्दै आएका छन् । उनी निष्कलङ्क छविका शीर्षनेता छन, जनताले साथ दिनेछन, मटिहानी-७ का चन्देश्वर साह भन्छन । निर्वाचन अभियानमा अहिले सघनरूपले मतदातासँगको भेटघाटमा रहेका ठाकुर पनि आफूप्रति २०७४ भन्दा बढी जनताको स्नेह पाएको बताउछन । म, मेरो दल र हामी आवद्ध गठबन्धन निर्वाचन परिणामबारे संशयमा छैनौं, जितप्रति ढुक्क छौं, उनले भने, जनताको अपार समर्थन हामीसँग छ । महोत्तरीका जनताले संविधानको पुनर्लेखनको मुद्दा सम्बोधनका लागि पनि आफूलाई साथ दिने ठाकुरको विश्वास छ । जसपाका केन्द्रीय सदस्य यादवलाई नेकपा (एमाले) को साथ छ । एमाले-जसपा गठबन्धनका उम्मेदवार यादव अहिले दिनरात नभनी जनसम्पर्कमा छन । सञ्चारकर्मीसँगको कुराकानीमा यादवले आफ्नो दल र एमाले क्षेत्रका मुख्य जनआधार भएका पार्टी भएको हुँदा आसन्न निर्वाचनको परिणाम आफ्नो पक्षमा आउने दाबी गर्नुभयो । उनि भन्छन, अहिले जनताले लयबाट व्यक्त गर्दैछन्, हेर्नुहोला, मङ्सिर ४ गते मतबाट अभिव्यक्त हुनेछ । यसैगरी तमलोपाका अध्यक्ष लाल पनि जनताको समर्थन पाइरहेको बताउनुहुन्छ । क्षेत्रमा जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीसहितका दलका उम्मेदवार पनि सघनरूपले चुनावी अभियानमा जुटेका देखिन्छ । यस क्षेत्रमा प्रतिनिधिसभा सदस्य पदमा दलका अतिरिक्त १० जना स्वतन्त्र उम्मेदवार छन । क्षेत्रमा निर्वाचन प्रयोजनको सभा, सम्मेलन खुला प्रचार अभियानको अवधि केही दिनमात्र बाँकी छँदा चुनावी प्रचार उत्कर्षमा देखिँदो छ । निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुरुप १७ कात्तिकदेखि मङ्सिर १ गतेसम्मको खुला प्रचार अवधि अब आजबाहेक दुई दिनमात्र बाँकी छँदा यहाँका बस्ती-बस्तीमा दल र उम्मेदवारको सघन आउजाउ बढ्दो छ । क्षेत्रका बस्ती-बस्तीमा दल र उम्मेदवारका निर्वाचन चिह्नका प्रचार गीत र नाराका स्वर जताततै सुनिन्छन् । दल र उम्मेदवारले समूहमा घरदैलो र बस्ती-बस्तीमा कोणसभाका कार्यक्रम सम्पन्न गर्दैछन् । प्रतिनिधिसभा क्षेत्रभित्रका दुई प्रदेशसभा क्षेत्रमध्ये प्रदेशसभा (१) र (२) मा क्रमशः सत्ता गठबन्धनबाट लोसपाकै अभिराम शर्मा र रानी शर्मा तिवारी उम्मेदवार छन । एमाले जसपा गठबन्धनबाट भने (१) बाट जसपाका दीपेन्द्र झा र (२) बाट एमालेका पोलिटब्यूरो सदस्य रामदयाल मण्डल उम्मेदवार छन । प्रदेशसभा क्षेत्र (१) मा एक महिलासहित १२ उम्मेदवार छन् । जसमा आठ स्वतन्त्र हुन् ।

त्यसैगरी प्रदेशसभा क्षेत्र (२) मा २६ जना उम्मेदवार छन् । जसमा एक महिला छन । स्वतन्त्र उम्मेदवारको सङ्ख्या १७ रहेको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयका मुख्य निर्वाचन अधिकृत हेमबहादुर सेनले बताए ।यसपटक महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रमा ९९ हजार नौ सय ३० मतदाता कायम छन् । महोत्तरी-३ प्रतिनिधिसभा क्षेत्रभित्र ७८ मतदानस्थलमा एक सय २९ मतदान केन्द्र रहेका मुख्य निर्वाचन अधिकृत सेनले जानकारी दिए । अहिले सबै मतदान केन्द्रका लागि कर्मचारी (जनशक्ति) नियुक्ती गरी तालिम दिएर सम्बन्धित मतदान केन्द्र खटाइ पठाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

रासस

# धनुषा–२ तीन पूर्वमन्त्री मैदानमा

कमला, २९ कात्तिक

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको पाँच दिन मात्रै बाँकी रहनुभएको छ । निर्वाचनमा प्रचारप्रसारका लागि तीनदिन बाँकी रहँदा धनुषा निर्वाचन क्षेत्र नं २ मा चुनावी माहोल तातेको छ । सत्तारुढ गठबन्धनबाटै दुई जनाले उम्मेदवारी दिएपछि धनुषा क्षेत्र नं २ को चुनावी भीडन्त रोचक बनेको छ । अझ उम्मेदवारमध्ये तीन जना पूर्वमन्त्री चुनावी मैदानमा छन् । सत्तारुढ गठबन्धनबाट कांग्रेसका पूर्वमन्त्री रामकृष्ण यादव र सत्तारुढ गठबन्धनबाटै नेकपा एकीकृत समाजवादीका नेता तथा पूर्वमन्त्री रामचन्द्र झा चुनावी मैदानमा रहेका छन । अन्य क्षेत्रमा एमाले-जसपाबीच गठबन्धन भए पनि यो क्षेत्रमा भने दुवै दल स्वस्थ्य प्रतिस्पर्धामा उत्रिएका छन् । एमालेबाट पूर्वमन्त्री उमाशङ्कर अरगरिया र जसपाबाट गङ्गाराम यादवले उम्मेदवारी दिनुभएको छ । राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले आ-आफ्नो





तरिकाले घरदैलो गरिरहेका छन् । उनीहरूले घोषणापत्रसहित प्रतिबद्धता मतदाताकाबीच पुऱ्याएका छन् । यसक्षेत्रमा एक लाख २४ हजार सात सय ४५ जना मतदाता रहेको छ । जसमध्ये पुरुषतर्फ ६६ हजार आठ सय १० र महिलातर्फ ५७ हजार तीन सय ४४ जना रहेको निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन क्षेत्र नं २ धनुषाले जानएको छ । धनुषा क्षेत्र नं २ मा एक सय २६ वटा मतदान केन्द्र तोकिएको सो कार्यालयले जनाएको छ । धनुषाको क्षेत्र नं २ मा कमला नगरपालिका शहीदनगर नगरपालिका, जनकनन्दिनी गाउँपालिका, औरही गाउँपालिका, विदेह नगरपालिका-१ देखि ८ सम्म, हंसपुर नगरपालिका-१,४ ,६ ,९ र जनकपुरधाम उपमहानगरपालिका- १७ र १८ रहेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । प्रतिनिधिसभामा राजनीतिक दल र स्वतन्त्र गरी १६ जना उम्मेदवार रहेका छन् । त्यसैगरी, सोही क्षेत्रको प्रदेशसभा (क) तर्फ १४ जना र प्रदेशसभा (ख) १७ गरी प्रदेशसभाको लागि ३१ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तत्कालीन सङ्घीय समाजवादी फोरमबाट प्रतिनिधिसभामा उमशङ्कर अरगरिया निर्वाचित भएका थिए । अरगरिया यो पटक एमालेबाट उम्मेदवार बनेका हुन । २०७४ सालको निर्वाचनमा अरगरियाले ३२ हजार ४४ मत पाउँदा रामचन्द्र झाले १८ हजार सात सय १५ र रामकृष्ण यादवले १५ हजार चार सय ४२ मत पाएका थिए ।रासस

# समृद्धि चाहने नेतृत्वलाई जिताउनोस् : मुख्यमन्त्री राउत

मधेशदृष्टि

वीरगंज, कात्तिक २९ ।

मधेश प्रदेशका मुख्यमन्त्री एवं पर्सा निर्वाचन क्षेत्र नं १ 'ख' मा प्रदेशसभाको एमाले-जसपा गठबन्धनको साझा उम्मेदवार लालबाबु राउतले वीरगंजसँगै समग्र मधेशको समृद्धिका लागि खट्न सक्ने सक्षम नेतृत्वलाई जिताउन मतदातालाई आग्रह गरेका छन् । मुख्यमन्त्री लालबाबु राउतले मंगलवार वीरगंज महानगरपालिका वडा नम्बर १५ भिस्वा र वडा नम्बर १६ नगवाको घुसुकपुरमा आयोजित घरदैलो तथा चुनावी सभालाई सम्बोधन गर्दै आफ्ना अधुरा योजना पुरा गर्न पनि पर्सा क्षेत्र नम्बर १ ख का जनताले आफूलाई जिताउने बताए ।



उनले चुनावको बेला सामाजिक सञ्जाल र केहि सञ्चारमाध्यममा हुँदै आएका अनर्गल हल्लाको पछाडी नलाग्न मतदातालाई आग्रह गरे । उनले मधेश सरकारले विभिन्न बाधा र अवरोधका बावजुद आफ्नो प्रहरी आफ्नो प्रशासन बनाउन कानुन बनाए पनि संघीय सरकारको कुदृष्टिका कारण सफल हुन नसकेकोमा दुःख व्यक्त गर्दै मधेसको सामाजिक, आर्थिक, शैक्षिक र भौतिक विकासका लागि आफू अग्रपङ्तिमा रहेर काम गरेको बताए ।

घरदैलो कार्यक्रममा जसपाका नेता कार्यकर्ता तथा स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो ।

# महोत्तरी ३ को त्रिपक्षीय प्रतिस्पर्धामा स्वतन्त्रलाई फाइदा

मधेशदृष्टि

महोत्तरी, कात्तिक २९ ।

महोत्तरी क्षेत्र नम्बर ३ को प्रतिनिधिसभा सदस्य पदमा त्रिपक्षीय प्रतिस्पर्धा देखिएको छ । सत्ता गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुर, प्रतिपक्षी गठबन्धनबाट जनता समाजवादी पार्टी (जसपा) का हरिनारायण यादव र स्वतन्त्र उम्मेदवार रामआधार कापरबीच प्रतिस्पर्धा देखिएको छ । हुनत चुनावी रेसमा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) का अध्यक्ष वृषेशचन्द्र लाल पनि छन । तर प्रतिष्पर्धा चाहिं ठाकुर, यादव र कापरबीच नै देखिएको हो ।

गत ०७४ को निर्वाचनमा कांग्रेसको सहयोगमा चुनाव जितेका ठाकुरलाई यस पटक कांग्रेस नेतृत्वको सत्तारुढ गठबन्धनबाटै उम्मेदवार भएपनि जीत सहज देखिएको छैन । ठाकुरले गत ५ वर्षको अवधिमा गरेको कार्यप्रति आम मतदातामा रिएक्सन देखिएको हुँदा विकल्पको खोजी हुन थालेको छ । स्थानीय मतदातासँगै 'कांग्रेसभित्रका नेता कार्यकर्ता सहितका युवाहरू असन्तुष्ट देखिएका छन् । ती युवाहरूको आक्रोशलाई भजाउन स्वतन्त्र उम्मेदवार रामआधार कापर सफल भइरहेका छन ।

शुरूमा ठाकुरको प्रतिस्पर्धा जसपा उम्मेदवार यादवसँग भएपनि अहिले माहौल फेरिदै कापर दोस्रो स्थानमा रहेको स्थानीय मतदाताहरुको भनाई छ । तमलोपाका उम्मेदवार लालले फरवार्ड (ब्राह्मण, क्षेत्री लगायत) को केही मत काटे पनि त्यसको फाइदा जसपा उम्मेदवार यादव भन्दा पनि स्वतन्त्र उम्मेदवार कापरलाई हुने आंकलन गरिदैछ ।

नागरिकता विधेयक सन्दर्भमा एमाले नेता रघुवीर महासेठले दिएको अभिव्यक्ति र प्रतिगामी भनिएका दलसँग चुनावी तालमेल गरेको कारण जसपा उम्मेदवार यादवलाई चुनावमा अहिले घाटा हुन सक्ने एक पक्षको विश्लेषण छ ।

प्रतिनिधि सभामा ठाकुर र प्रदेश सभामा पनि लोसपाकै अभिराम शर्मा र रानी शर्मा उम्मेदवार भएपछि गठबन्धन दल कांग्रेसका नेता कार्यकर्ताहरु असन्तुष्टि देखिएका छन । खास गरेर नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको उम्मेदवार नहुँदा ती दलका कार्यकर्ताहरू भने असन्तुष्ट देखिएका हुन । केही दिनअघि कांग्रेसका नेताहरू रामचन्द्र तिवारी, बजरंग नेपाली, दीपक मिश्र, राघवेन्द्र झा सहितले महन्थ ठाकुर, अभिराम शर्मा, र ानी शर्मा सहितका नेताहरूलाई भेटेर आफ्नो असन्तुष्टि राखेका थिए । २०७४ सालमा नेपाली कांग्रेसले आफ्नो उम्मेदवारी फिर्ता लिएर ठाकुरलाई समर्थन गरी जिताउदा जीतपछि कांग्रेसलाई एकपटक धन्यवाद समेत दिन नआएको भन्दै कांग्रेसका नेताहरूले ठाकुरसँग असन्तुष्टि राखेका थिए ।

'२०७४ सालको निर्वाचनमा कांग्रेसको समर्थन पाए पनि चुनावी मञ्चमा कांग्रेसमुक्त मधेश बनाउछौं भन्दै गरेको भाषणप्रति हामीले ठाकुरजीसँग गुनासो राखेका थियौं,' उक्त बैठकमा सहभागी कांग्रेसका एक नेताले भने, 'जितेर गएपछि प्रदेशमा सरकार बन्दा ल्याइएको बजेटको चरम दुरुपयोग हुनुका साथै कांग्रेसलाई एउटा पनि योजना नदिइएको विषयमा गुनासो राखेका थियौं ।'

कांग्रेसबाट समानुपातिक उम्मेदवार रहेका रामचन्द्र तिवारीको पक्षमा पनि मत माग्न संयुक्त अपिल जारी गर्ने कुरामा सहमति भयो,' ती नेताले थपे, 'पिपरा, बहेडा, मटिहानी, बथनाहा र जलेश्वरमा संयुक्त चुनावी सभा आयोजन गर्ने र शीर्ष नेताहरूले सम्बोधन गर्ने सहमति भएको थियो ।'

त्यस क्षेत्रमा यसपटक पनि नेपाली कांग्रेसबाट बजरंग नेपाली प्रतिनिधिसभा सदस्य पदका लागि आकांक्षी थिए । २०७४ सालको चुनावमा पनि उम्मेदवारी दिएका उनलाई पार्टीको निर्देशनमा ठाकुरका लागि आफ्नो उम्मेदवारी फिर्ता लिनुपरेको थियो । आफ्नो उम्मेदवारी फिर्ता लिएर उनले ठाकुरलाई समर्थन गरेका थिए । त्यसैगरी यसपटक नेकपा माओवादी केन्द्रबाट प्रदेश सभामा रामकुमार शर्माले उम्मेदवारी दिएका थिए । पछि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले लिखित पत्र नै निर्वाचन कार्यालयमा पठाएर शर्माको उम्मेदवारी खारेज गर्न लगाएका थिए । उम्मेदवारी खारेज भएपछि शर्मा आक्रोशित भएका थिए । महन्थ ठाकुरले षड्यन्त्र गरी प्रचण्डलाई आफ्नो उम्मेदवारी खारेज गर्न लगाएको आरोप शर्माले लगाए । आफ्नो राजनीतिक हत्या गर्ने ठाकुरलाई हराउने प्रमुख लक्ष्य आफूले लिएको भन्दै उनले सामाजिक सञ्जालमा लेख्नुका साथै विभिन्न सञ्चारमाध्यममा पनि आफ्नो अभिव्यक्ति दिएका थिए ।

# ७२ घण्टा सीमा बन्द हुने

मधेशदृष्टि

रौतहट, कात्तिक २९ ।

निर्वाचलाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउँन ७२ घण्टाका लागि नेपाल भारत सीमा नाका बन्द गर्ने निर्णय गरिएको छ । जिल्ला प्रशासन कार्यालय रौतहटमा मंगलवार बसेको सुरक्षा अधिकारीहरुको बैठकले मंसिर ४ मा हुने प्रतिनिधी सभा र प्रदेश सभाको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, तथा भयरहित वातावरणमा सम्पन्न गर्न ७२ घण्टा सीमा नाका बन्द गने निर्णय गरिएको हो । मंसिर १ गते मध्यरात देखि निर्वाचन सम्पन्न भएको अर्थात ४ गते राती १ बजेसम्म रौतहटका सम्पूर्ण सिमा नाका बन्द गर्ने सहमति भएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकिय अधिकृत मणिभुषण शाहले बताए ।

## जाँदाजाँदै तलबभत्ता..........

उनले भने, 'निर्वाचनपछि उहाँहरुको तलब बारे कुनै निर्णय भए दिन सक्छौं, नभए अदालत एक मात्र विकल्प छ । वर्तमान प्रदेशसभा सदस्यहरु आफ्ना बक्यौता तलबका लागि अदालत गए त्यहाँबाट कुनै आदेश आए तबमात्र केही भन्न सकिन्छ ।'

मधेश प्रदेशसभामा हाल प्रत्यक्ष र समानुपातिक गरी १ सय १ जना प्रदेश सभा सदस्य छन् । जसमध्ये मुख्यमन्त्री सहित ७ जना मन्त्री, ४ जना राज्यमन्त्री छन् । यिनीहरु प्रदेश सरकारबाट तलब पाउदै आएका छन् । यसअघि संसदीय दलका नेता, प्रमुख सचेतक र प्रदेश सभा सदस्यहरु प्रदेशसभाबाट तलब पाइरहेका थिए ।

## जितेर जाने फर्केर .........

बारा निर्वाचन क्षेत्र नं ४ भित्र बारा-पर्सा औद्योगिक करिडोर, पर्सा राष्ट्रिय निकुञ्ज, विशेष आर्थिक क्षेत्र (सेज) प्राधिकरण, सिमरा विमानस्थल, प्राकृतिक श्रोत साधन, कृषियोग्य भूमि पर्दछ । सो क्षेत्रमा करिडोरका मजदुर,उद्योग मालिक,यातायात व्यवसायी, कृषकका आ-आफ्नै समस्या रहेका छन् । बारा निर्वाचन क्षेत्र नं ४ जितपुरसीमरा उपमहानगर वडा नं १९ की रिती खातुन छोरोछोरी नागरिकता नहुदाँ धेरै समस्या झेल्नुपरेको बताउँछिन् । आफ्नो अंगिकृत नागरिकता भएपनि उमेर पुगेका छोराछोरीको नागरिकता बन्न नसक्दा रोजगारीको लागि समस्या भएको बताउँछिन् ।

'६ मध्ये ३ वटा छोराहरुको नागरिकता बनाउन उमेर पुगिसक्यो, विदेश जान छटपटाईरहेका छन् । तर प्रशासनले नागरिकता बनाउन गयो सधैं पछि आउनुस् भन्छ' खातुनले भनिन् । जितपुरसीमरा वडा नं २० का कृषक दोष मोहम्मद किसानको पिरमर्का कुनै उम्मेदवारले नबुझेको गुनासो गर्दछन् । 'चर्को मुल्यमा मल किन्नुपरेको छ, सिंचाईको व्यवस्था छैन, जितेर गएका नेताहरु गाँउमा फर्केर आएन अब फेरी के को लागि मत दिने' मोहम्मदले भने । बारा निर्वाचन क्षेत्र नं ४ मा करिब १ लाख ३ हजार मतदाता रहेका छन् ।

बारा ४ मा २०७४ को निर्वाचनमा एकवाल मियाँ तत्कालिन राजपाबाट निर्वाचित भएका थिए हाल उनि पुनं उम्मेदवारी मनोनयन दर्ताको दिन बिहान ४ बजे एमाले प्रवेश गरेर बारा क्षेत्र नं ४ को उम्म्ेदवार बनेका छन् । यसअघि बारा ४ मा प्रतिनिधि सभा सदस्यमा एमालेका पुराना नेता देवनारायाण चौधरीको एकल नाम सिफारिस भएको थियो ।

आसन्न निर्वाचनमा सो निर्वाचन क्षेत्रमा सत्ता गठबन्धनका उम्मेदवार किसान श्रेष्ठ र एमाले उम्मेदवार मियाँबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ ।

## सीताराम विवाहमा......

साहको दाबी छ ।


यता जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले अतिथि आमन्त्रण तथा भारतबाट जयन्तीलाई निम्त्याउने कार्य भइरहेको जानकारी दिएका छन् । महोत्सवका लागि शौचालय, खानेपानी र सरसफाइका लागि स्थानीय सरकारसँग छलफल भइरहेको छ भने सुरक्षा तथा सवारी व्यवस्थापनका लागि सुरक्षा निकायलाई आग्रह गरिएको बताए ।

महोत्सव अन्तर्गत मंसिर ७ गते पहिलो दिन नगर दर्शन, दोस्रो दिन ८ गते फूलवारी लीला, तेस्रो दिन ९ गते धनुषयज्ञ, चौथो दिन १० गते तिलकोत्सव, पाँचौ दिन मंसिर ११ गते मटकोर, छौटौं दिन मंसिर १२ गते स्वयंवर र सातौं तथा अन्तिम दिन मंसिर १३ गते रामकलेवा गरी यसवर्षको सीताराम विवाहपञ्चमी सम्पन्न हुनेछ ।

# चीनसंग नयां शीतयुद्ध नगर्ने अमेरिकाको वाचा

काठमाण्डौ,कात्तिक २९

अमेरिकी राष्ट्रपति जो बाइडनले चिनियाँ राष्ट्रपति सी जिन्पिङसँगको मैत्रीपूर्ण भेटपछि चीनसँग कुनै 'नयाँ शीतयुद्ध' नगर्ने वाचा गरेका छन् । उनले चीनले ताइवानमाथि आक्रमण गर्ने कुरामा आफूलाई विश्वास नभएको समेत बताए । बाइडनले पदभार ग्रहण गरेपछि दुई महाशक्ति नेताहरूबिच भएको यो पहिलो भेटघाट हो । इन्डोनेशियाको एक टापुमा जी ट्वाइन्टी शिखर सम्मेलन सुरु हुनुभन्दा एक दिनअघि बालीमा भएको भेटवार्तामा यी दुई शीर्ष नेताहरूले उत्तर कोरिया र रुसले युक्रेनमाथि गरेको आक्रमणबारे पनि छलफल गरेका थिए । एक होटलमा भएको तीन घण्टा लामो भेटमा दुई नेताले ताइवानलगायत विभिन्न विषयमा छलफल गरेका थिए ।बेइजिङद्वारा आफ्नो भूभाग दाबी गरिएको उक्त स्वशासित टापु राष्ट्रले अमेरिकालाई आफ्नो सहयोगी ठान्छ । र, यो राष्ट्र सधैँ अमेरिका-चीन सम्बन्धमा एउटा विवादको विषय बनेको छ । गत अगस्टमा अमेरिकी संसदकी सभामुख न्यान्सी पलोसीले ताइवान भ्रमण गरेपछि तनाव चुलिएको थियो। उनी त्यहाँ गएपछि चीनले प्रतिक्रिया स्वरूप ताइवान वरिपरि ठूलो मात्रामा सैन्य अभ्यास गरेको थियो जसले अमेरिका र चीनबिच सम्भावित द्वन्द्वको चिन्ता बढाएको थियो।सोमवार



चिनियाँ सञ्चारमाध्यमहरूले जनाए अनुसार सी जिन्पिङले ताइवान चीनको चासोको विषय र अमेरिका-चीन सम्बन्धको पहिलो 'रेड लाइन' भएको बताए र त्यसलाई नाघ्न नहुने चेतावनी दिए । पछिल्ला साताहरूमा अमेरिकी अधिकारीहरूले चीनले ताइवानमाथि आक्रमण गर्ने योजना बढाउन सक्ने चेतावनी दिँदै आएका छन् । सोमबार पत्रकारहरूले बाइडन समक्ष उक्त चेतावनीमाथि उनको विश्वास र नयाँ शीतयुद्धबारे प्रश्न सोधेका थिए । मलाई लाग्छ कि नयाँ शीतयुद्ध हुन आवश्यक छैन । मैले सी जिन्पिङसँग धेरै पटक भेटेको छु र हामी एक अर्काबारे स्पष्ट छौँ । मलाई निकट भविष्यमा चीनको तर्फबाट ताइवानमा आक्रमण हुन्छ भन्ने कुरामा विश्वास छैन, उनले भने । म के स्पष्ट पार्न चाहन्छु भने, हामी यस क्रस-स्ट्रेट समस्याहरू शान्तिपूर्ण ढङ्गमा समाधान भएको हेर्न चाहन्छौँ। त्यसो भएको खण्डमा आक्रमणमा त कहिल्यै पुग्नै पर्दैन। मैले हामीले एकअर्काको कुरा बुझेको ठानेको छु । बाइडनले आफूहरू समस्याको समाधान गर्नका निम्ति सरकारका प्रमुख अधिकारीहरू वार्ता गर्नेगरी एउटा संयन्त्र स्थापना गर्न सहमत भएको बताएका छन् । त्यस्तै अमेरिकी विदेशमन्त्री एन्टनी ब्लिङ्कनले पनि चाँडै चीन भ्रमण गर्ने जानकारी उनले दिए । उनले आफूले सीलाई ताइवानको बारेमा अमेरिकाको नीतिमा कुनै परिवर्तन नभएको प्रस्ट पारेको समेत बताए।बाइडनले पटकपटक ताइवानमाथि चीनले आक्रमण गरे अमेरिकाले उसको रक्षा गर्ने बताएका छन्।यसलाई लामो समयदेखि ताइवानबारे अमेरिकी रणनीतिक दुबिधाको अन्त्यको रूपमा लिइएको छ जस अन्तर्गत यो टापु राष्ट्रको रक्षा गर्न अमेरिका औपचारिक रूपमा प्रतिबद्ध छैन । बेइजिङसँगको सम्बन्धको आधार एक चीन नीति हो जसअन्तर्गत वासिङ्टनले बेइजिङस्थित एक मात्र चिनियाँ सरकारलाई मान्यता दिन्छ जसको ताइवानसँग कुनै औपचारिक सम्बन्ध छैन । साथै यसले ताइवानसँग पनि निकट सम्बन्ध कायम राख्छ। उक्त टापु राष्ट्रलाई प्रतिरक्षाको लागि आवश्यक सामग्री उपलब्ध गराउनु पर्ने विषय उल्लेखित ताइवान सम्बन्ध ऐन अन्तर्गत अमेरिकाले अस्त्रहरू बिक्री समेत गर्छ । प्रतिस्पर्धा होइन द्वन्द्व सी र बाइडनको छलफलमा उत्तर कोरिया र युक्रेनमाथि रुसी आक्रमणको बारेमा चिन्ताहरू पनि समेटिएको विवरण दिइएको छ । बाइडनले सिनजियाङ, हङकङ र तिब्बतमा उइगर हरूमाथि हुने व्यवहारलगायत विषय उल्लेख गर्दै चीनमा मानवअधिकारका मुद्दाहरूबारे पनि चिन्ता व्यक्त गरे।सीले पनि बाइडन समान धारणा राखे । उनले छलफलको सुरुवातमा भने हामीले चीन-अमेरिका सम्बन्धबारे सही मार्गचित्र बनाउन आवश्यक छ । सीले चीन-अमेरिका सम्बन्ध शून्य समीकरणको खेल हुन नहुने बताए । उनले भने,एकले प्रगति गर्दा अर्कोले दुर्गति भोग्न नपरोस्। यो वृहत् पृथ्वी अमेरिका र चीन दुवैको विकास र उन्नति बहन गर्न पूर्ण रूपमा सक्षम छ । अस्ट्रेलियन न्याशनल युनिभर्सिटीको ताइवान अध्ययन कार्यक्रमका अध्यापक वेन-ती सङले बाली भेटवार्तामा "केही ठोस सम्झौताहरू" भएको उल्लेख गरे । उनले दुवै नेताले जित हासिल गरेको विचार राखे । सीले उनी बाइडनसँग आफू नडराएको र अमेरिका र चीन बराबर छ भन्ने देखाए । दुवै नेताहरूले विश्वव्यापी स्थिरता उनीहरूको नेतृत्वमा रहेको दुई देशहरूबिचको सम्बन्धमा निर्भर रहेको सङ्केत गरे ।

हालैका दिनहरूमा बाइडन र अमेरिकी अधिकारीहरू चीनसँग मेलमिलापको उद्देश्य प्रस्ट्याउन सङ्घर्षरत छन्। कडा प्रतिस्पर्धाको भावनाबिच अमेरिकाले चीनसँग द्वन्द्व नचाहेको कुरामा उनीहरूले पटक पटक जोड दिँदै आएका छन् । विविसी

# अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल नेपाल र पाकिस्तान भिड्ने

काठमाडौँ, २९ कात्तिक

अखिल नेपाल फुटबल सङ्घको आयोजनामा बुधवार नेपाल र पाकिस्तानबीच अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेल हुँदैछ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उक्त खेल भोलि साँझ ५ बजेदेखि सुरुआत हुनेछ । पाकिस्तानविरुद्धको खेलसँगै दशरथ रङ्गशालामा नेपालको लागि यो ५० औँ खेल हुनेछ । पाकिस्तान फिफाको निलम्बनबाट फुकुवा भएपछि पहिलो अन्तर्राष्ट्रिय खेल खेल्न नेपाल आएको हो । पाकिस्तानविरुद्धको खेल खेल्नुअघि राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक प्रवेश कटुवालले पाकिस्तानविरुद्धको खेलमा जित निकाल्ने उद्देश्यका साथ मैदानमा उत्रने बताए । उनले नेपाल र पाकिस्तान भिड्दा हालसम्म पाकिस्तानले



सात खेल जितेको र नेपालले पाँच खेल जितेको बताए । मुख्य प्रशिक्षक कटुवालले छोटो समयको बाबजुद राम्रो टिम बनाएको बताउँदै राष्ट्रिय टोलीका केही खेलाडी विदेश पलायन भए पनि नेपालमा नै रहेका खेलाडीबाट बलियो टिम बनाएको बताए । नेपाल र पाकिस्तानबीच हालसम्म १६ खेलमा प्रतिस्पर्धा भएको छ । नेपालले पछिल्लो पटक पाकिस्तानसँग सन् २०१८ मा खेलेको थियो । साफ च्याम्पियनसिपअन्तर्गत ढाकामा भएको खेलमा नेपाल २-१ ले पराजित भएको थियो । यसैगरी राष्ट्रिय टोलीका कप्तान रोहित चन्दले पाकिस्तान कठिन प्रतिद्वन्द्वी भए तापनि आफ्नो टोलीले जित निकाल्ने विश्वास व्यक्त गरे ।

पाकिस्तानका कप्तान हसन बसिरले नेपालसँगको खेलका लागि सकारात्मक रहेको भन्दै आफ्नो टोलीले राम्रो खेल प्रदर्शन गर्ने बताए ।
रासस

# निर्वाचन परिणामपछि रिपब्लिकनहरूद्वारा ट्रम्पको आलोचना

काठमाण्डौ,कात्तिक २९

अमेरिकामा गत साता भएको मिडटर्म चुनावपछि माथिल्लो सदन सिनेटमा डेमोक्र्याटिक दलले आफ्नो बहुमत कायम राख्ने भएपछि रिपब्लिकन दल भित्र पुनः आरोपप्रत्यारोप देखिएको छ । पूर्व राष्ट्रपति डोनल्ड ट्रम्पका आलोचकहरूले उनको खराब प्रदर्शनलाई हारको कारण ठहराएका छन् । अन्य रिपब्लिकनहरूले भने सिनेटमा उनीहरूको नेतृत्व गर्ने मिच मकोनललाई दोष दिएका छन् । यसैबीच ह्वाइट हाउसले भने राष्ट्रपति जो बाइडनले आगामी चुनावमा पुनः उम्मेदवारी दिनसक्ने बारे बलियो सङ्केत दिएको छ । अमेरिकी तल्लो सदनको लागि भएको निर्वाचनमा भने अन्तिम नतिजा स्पष्ट भैसकेको छैन । अमेरिकी कंग्रेसको तल्लो सदनमा रिपब्लिकनहरू जित्ने आकलन गरिएको छ जसले राष्ट्रपति जो बाइडनको योजनाहरूलाई गम्भीर रूपमा असर पार्छ। तर मतगणना जारी रहँदा उनीहरूले पहिले अनुमान गरे अनुसार प्राप्त गर्ने ठानेका बहुमतको अपेक्षा भने साँघरिँदै जाने सम्भावना छ । अघिल्लो साताको अन्त्यमा अमेरिकी समाचार नेटवर्कहरूले डेमोक्र्याट दलले एरिजोना र नेभाडामा दुई वटा सीटहरू जितेसँगै माथिल्लो सदन सिनेटमा नियन्त्रण कायम राख्ने प्रक्षेपण गरेका थिए । ट्रम्पका कारण हामीले बेहोर्नु परेको यो लगातार तेस्रो चुनावी हार हो, पूर्व राष्ट्रपतिको लामो समयदेखि आलोचक रहेका मेरिल्यान्डका रिपब्लिकन गभर्नर ल्यारी होगनले आइतवार सीएनएनलाई भनेका थिए । उनले भनेका थिए, हामी जितेर थाक्नेछौँ। तर म हारेर थाकेको छु । बीबीसीका उत्तर अमेरिकी संवाददाता एन्थनी जर्चरका अनुसार ट्रम्पका सहयोगीहरू आगामी दिनमा उनको विरुद्धमा उभिन्छन् की उभिँदैनन् भन्ने कुरा नै वास्तविक परीक्षा हुनेछ । ह्वाइट हाउसमा नियन्त्रण राख्ने दलले सामान्यतया मिडटर्म चुनावमा सीटहरू गुमाउँदै आएको इतिहास छ । र, डेमोक्र्याटहरूको यो चुनावी परिणाम २० वर्ष यता सत्ताको नेतृत्व गरिरहेको दलले ल्याएको सबैभन्दा राम्रो नतिजा हो । वासिङ्टनका जानकारहरूले इतिहासको हवाला दिँदै हामीले जित्न नसक्ने बताएका थिए, सभामुख न्यान्सी पलोसीले एबीसीको एक कार्यक्रममा बताइन् ।



तर डेमोक्र्याटहरूले कहिल्यै पनि भविष्यवाणी स्वीकार गरेनन र आफू र आफ्ना विपक्षीहरू बीचको भिन्नता मा केन्द्रित रहेको क्यालिफोर्नियाकी ति वरिष्ठ डेमोक्र्याटले बताइन् । पलोसी दलका सीमित अधिकारीहरू मध्ये एक हुन् जसले राष्ट्रपति बाइडनलाई सन् २०२४ मा हुने पुनः चुनावको निम्ति समर्थन जनाएका छन् । ह्वाइट हाउसकी वरिष्ठ सल्लाहकार अनिता डनले अर्को पक्षले के गरिरहेको छ वा अर्को उम्मेदवारले के गर्ने छन भन्ने कुराले राष्ट्रपति प्रभावित नभएको र छिट्टै आफ्नो निर्णय घोषणा गर्ने सीबीएस न्यूजसँग बताइन ्। उनले मिडटर्म नतिजाहरू दलको एजेन्डाको लागि अत्यधिक महत्त्वपूर्ण परिणाम भएको र यस चुनावमा दलले गरेको प्रगतिलाई जारी राख्नको लागि आफू सबैभन्दा उचित व्यक्ति हो भन्ने बाइडनको विश्वास रहेको जानकारी दिइन् । यदि बाइडनले उम्मेदवारी दिए भने उनको चुनावी प्रतिस्पर्धा सन् २०२० मा जस्तै ट्रम्पसँग हुने सम्भावना छ। ट्रम्पले सन् २०२४ को लागि आफ्नो उम्मेदवारी मङ्गलवार औपचारिक रूपमा घोषणा गर्ने अनुमान गरिएको छ ।
विविसी

# एन्फाले २९० वटा विश्वकप टिकट बिक्री गर्ने



२९ कात्तिक, काठमाडौं

अखिल नेपाल फुटबल संघ (एन्फा) ले कतारमा हुने फिफा विश्वकपका लागि २ ९० टिकट बिक्री गर्ने भएको छ । एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङको अध्यक्षतामा मंगलबार बसेको बैठकले उक्त टिकट बिक्री गर्ने निर्णय गरेको हो ।नेपालले पाएको २ ९० टिकट एन्फा कार्यसमिति, एन्फा सदस्य संस्थाहरु तथा फुटबल स्पोनसर र शुभचिन्तकहरुलाई बिक्री गर्ने निर्णय पारित भएको एन्फाले विज्ञप्तीमार्फत जनाएको छ ।कतार विश्वकप आगामी आइतबारदेखि सुरु हुँदैछ ।मार्चमा हुने फिफा कंग्रेसका लागि एन्फा अध्यक्षलाइ जिम्मेवारी प्रदान गरी अध्यक्षले प्रतिनिधि तोक्ने अधिकार प्रत्यायोजन गरिएको छ ।कार्यसमिति बैठकले १३औं सागका स्वर्ण विजेता फुटबल खेलाडी प्रिजेन तामाङलाई उपचारका लागि ३ लाख रुपैयाँ दिने निर्णय गरेको छ । यस्तै यू-२० खेलाडी राकेश विश्वकर्माको उपचारमा लाग्ने सम्पूर्ण खर्च एन्फाले बेहोर्ने भएको छ ।

बैठकले ए डिभिजन क्लबसँग सम्झौता गरी सञ्चान भएका एकेडेमीहरुलाई यसअघिको सम्झौता अनुसार १०-१० लाख दिने निर्णय गरेको छ ।यस्तै धरान र बुटवलमा सञ्चालित एकेडेमीलाई चैतसम्मको भुक्तानी गर्ने निर्णय पनि गरेको छ ।

ए डिभिजन क्लवहरुले विभिन्न स्कुलसँग सम्झौता गरि संचालन भइरहेको एकाडेमीहरुलाई विगतको सम्झौताको आधारले वार्षिक १०(१० लाख रुपैया उपलब्ध गराउने र धरान र बुटवलमा संचालित एकाडेमीलाई चैतसम्मको रकम भुक्तानी गर्ने निर्णय पारित गरियो, एन्फाको वक्तव्यमा उल्लेख छ ।शहिद स्मारक ए डिभिजन लिग डबल राउन्ड रोविनका आधारमा सम्पन्न गर्ने र सचिवालयले ए, बी र सी डिभिजन क्लबसँग गरेको छलफलपछि गरेको प्रस्तावलाई अनुमोदन गरिएको एन्फाले जनाएको छ ।

यसैगरी मार्केटिङ्ग, ब्रोडकास्टिङ्ग, डिजिटल राइट्स सम्बन्धमा एन्फा सचिवालयको समन्वयमा कार्यसमिति सदस्य रविन्द्र चन्दको संयोजकत्वमा एक कमिटि गठन गरी कमिटीले बनाएको योजना कार्यसमितिबाट पारित गरेर टेण्डर प्रक्रियामा जाने निर्णय भएको एन्फाले जारी गरेको विज्ञप्तीमा उल्लेख छ ।एन्फा होस्टल सन्चालनका लागि कार्यसमिति सदस्य सरिला श्रेष्ठको संयोजकत्वमा रमेश व्यन्जनकार र प्रवक्ता सुरेश शाह सदस्य रहने गरी कमिटी गठन गरिएको छ ।

# सि डिभिजन लिग फुटबल वैशाखमा



काठमाडौँ, २९ कात्तिक

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा हुने नयाँ सिजनको शहीद स्मारक 'सी' डिभिजन लिग फुटबल प्रतियोगिता आगामी वैशाख २२ गतेदेखि सुरु हुने भएको छ । एन्फा अध्यक्ष पङ्कज विक्रम नेम्वाङ, उपाध्यक्ष दावा लामालगायत एन्फा पदाधिकारीले सोमबार 'सी' डिभिजन क्लबसँगको छलफलमा वैशाख २२ गतेदेखि प्रतियोगिता सुरु गर्ने निर्णय गरेको हो । एन्फाले नयाँ सिजनको 'सी' डिभिजन क्लबलाई दिने तयारी खर्चसमेत बढाएको छ । एन्फाले यसपटक तयारी खर्चबापत क्लबलाई रु ११ लाख दिने भएको छ । यसअघि सी डिभिजन क्लबलाई रु नौ लाख ५० हजार दिदैं आएको थियो ।

# आर्थिक पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी अपरिहार्य

बाली, २९ कात्तिक

चीनका राष्ट्रपति सी चिनफिङले कोभिड-१९ का कारण तहसनहस भएको विश्वअर्थतन्त्रको पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी अपरिहार्य भएको बताएका छन ।

विश्वका प्रमुख विकसित एवम् उदीयमान अर्थतन्त्रलाई जोड्ने रणनीतिक बहुपक्षीय मञ्च जी ट्वेन्टीको सत्रौं बैठकलाई आज यहाँ सम्बोधन गर्दै उनले आर्थिक पुनरुत्थानका लागि विश्वव्यापी साझेदारी र सहकार्य आवश्यक भएको बताए । चिनियाँ राष्ट्रपतिले जनतालाई केन्द्रमा राखेर विकासलाई प्राथमिकता दिनुपर्ने, विकासोन्मुख देशका समस्या समाधानमा चासो दिनुपर्नेमा जोड दिँदै कोभिडविरुद्धको अन्तरराष्ट्रिय सहयोगलाई निरन्तरता दिनुपर्ने बताउनुभयो । आर्थिक पुनरुत्थानका निम्ति पनि उपयुक्त वातावरण बनाउन आवश्यक भएको उहाँले बताए । विश्वव्यापीरूपमा बढेको मूल्यवृद्धिलाई नियन्त्रण गर्नुपर्ने, प्रणालीगत आर्थिक एवम् वित्तीय जोखिम घटाउनुपर्ने, सुदृढ अर्थतन्त्र भएका राष्ट्रका मौद्रिक नीतिको समायोजनबाट परेको प्रभाव कम गर्नेतर्फ लाग्नुपर्ने तथा उनीहरूको ऋणलाई दिगोस्तरमा राखेर बढ्दो ब्याजबाट जोगाउनुपर्ने आवश्यक राष्ट्रपति सीले औँल्याए । वर्तमान विश्वले सामना गर्नुपरेका विविध चुनौती सामना गर्न सबै देशले साझा भविष्यलाई सम्झेर सामुदायिक दृष्टिकोण अँगाल्नुपर्ने, विकासको बाटोमा अग्रसर देशलाई थप सहयो गर्नुपर्ने, सन्तुलित विकाका निम्ति उनीहरूलाई सघाउनुपर्ने, विश्वको प्रगतिलाई अगाडि बढाउन तथा मानव जातिको उन्नयन र शान्तिका लागि उदाहरणीय नेतृत्वका लागि विश्व नेतालाई उनले आह्वान गरे । राष्ट्रपति सीले खाद्यान्न र ऊर्जाका विषयलाई राजनीतिकरण गर्ने, तिनलाई हतियारका रूपमा प्रयोग गर्ने प्रवृत्तिको दृढतापूर्वक विरो गर्नुपर्ने, एकतर्फीरूपमा लगाइएका प्राविधिक एवम् अन्य क्षेत्रका सबै प्रतिबन्ध हटाउनुपर्ने बताए । आधुनिकीकरणको दिशामा अग्रसर चीनले विश्वका लागि थप अवसरहरू सृजना गर्ने, अन्तरराष्ट्रिय सहयोगलाई गतिदिने तथा मानव प्रगतिका निम्ति सक्दो योगदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अफ्रिकी सङ्घलाई समूहमा सामेल गर्न चीनको समर्थन रहेको चिनियाँ राष्ट्रपतिले बताए । उनले विश्वको विकासलाई थप समावेशी, सबैका लागि लाभदायक एवम् थप लचिलो बनाउनुपर्ने बताउँदै तीनबुँदे प्रस्ताव पनि प्रस्तुत गरे । समूहमा १९ देशसहित युरोपेली सङ्घ सदस्य छन् ।
(रासस/सिन्ह्वा)

# आवाज उठाउने नेता चुन्न प्रदिप यादवको आग्रह

मधेशदृष्टि
वीरगंज, कात्तिक २९



पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधीसभा सदस्यका उम्मेदवार प्रदीप यादवले पर्साको आवाज संसदमा उठाउने नेता चुन्न मतदाताहरुसँग अनुरोध गरेका छन् । वीरगंज महानगरपालिका वडा नम्बर ३० को लालपर्सा र प्रसूतीपुरमा मंगलवार घरदैलो गर्ने क्रममा मतदाताहरुलाई भेट्दै जसपाका उम्मेदवार यादवले जनताको समस्या संसदमा राख्न सक्ने नेतालाई चुन्न आग्रह गरे । एसिड घटना प्रभावित मुस्कान खातुनको न्यायका लागि आफूले संसदमा पटक पटक आवाज उठाएकै कारण उनले न्याय पाएको स्मरण गराउदै पूर्वमन्त्री समेत रहेका यादवले विगतमा संविधानसभाको चुनाव जितेका अजय द्विवेदीले संसदमा के काम गरे त्यो जनताले खोज्नुपर्ने बेला आएको बताए । यादवले यसपालि चुनाव जिते पछि आगामी ५ वर्षको कार्यकालमा पर्सा क्षेत्र नम्बर १ मा केहि पनि कच्ची सडक नरहने र सबै सडक पक्की बनाउने वाचा पनि मतदाताहरुसँग व्यक्त गरे । विगत ५ वर्षको कार्यकालमा आफूले अधिकतम कामहरु गरेको भन्दै यादवले अझ पनि धेरै काम गर्न बाँकी रहेकाले ती कामहरु अबको कार्यकालमा पुरा गर्ने प्रतिबद्धता जनाए । घरदैलोमा जसपा-एमाले गठबन्धनबाट प्रदेशसभा सदस्य उम्मेदवार विचारी यादवका साथै जसपा र एमालेका नेता कार्यकर्ताहरुको सहभागीता थियो ।

# नगर प्रमुखको छड्के, सेवाग्राही खुशी

मधेशदृष्टि
वीरगंज, कात्तिक २९



वीरगन्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले महानगरबाट प्रदान गरिदैं आएको सेवाप्रवाहको प्रभावकारिताका बारेमा कार्यालय भित्रै छड्के अनुगमनलाई तिव्रता दिएसँगै कर्मचारीको काम गर्ने शैली फेरिएको छ ।

महानगरवासीलाई परिवर्तनको अनुभूती गराउन विगतमा सुस्त गति, सेवाग्राहीको काममा आनाकानी र हैरान गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न मेयर सिंह कार्यालयमै छड्के अनुगमन गर्न थालेको नगर प्रमुखको सचिवालयले जनाएको छ ।

प्रत्येक हप्तामा एकपटक नगर प्रमुख सिंह आफैं अचानक महानगरपालिकाका महाशाखा, शाखा र फाँटमा पुगेर कार्यालय समयमा नआउने, आएर पनि मोबाइलमा व्यस्त देखिएका र विभिन्न बहाना बनाई सेवाग्राहीलाई अल्झाएका कर्मचारीसँग तत्काल जवाफ लिई आइन्दा यस्तो नगर्न चेतावनी दिन थालेपछि कर्मचारीको काम गर्ने शैलीमा परिवर्तन आएको नगरवासीले अनुभूति गरेका छन् ।

जनताले काम गर्न नेतृत्वमा आफूलाई चुनेको भन्दै नगर प्रमुख सिंहले आफ्नो कार्यकालमा वीरगंजवासीले महानगरमा परिवर्तनको आभाष नगरेसम्म कुनै कर्मचारीलाई आनाकानी गर्न छुट नदिईने चेतावनी दिएका छन् । सो अवसरमा नगर प्रमुख सिंहले काम गराउन आएका सेवाग्राहीहरुसँग पनि महानगरपालिकाले प्रदान गरेको सेवा र कर्मचारीका बारेमा जानकारी लिएका छन् ।

मेयर सिंहको छड्के अनुगमनले महानगरपालिकामा हुने गरेको लापरबाही, सेवाग्राहीलाई घुमाउने कर्मचारीको बानीमा सुधार आएको घर जग्गाको राजस्व तिर्न महानगरपालिका पुगेका वीरगंज महानगरपालिका वडा नम्बर १६ निवासी शम्भु थापाले खुशी व्यक्त गरे ।




# कर्मचारी अभावमा गौर अस्पताल अस्तव्यस्त

विकास अग्रवाल
रौतहट, कात्तिक २९

भव्य संरचना र आवश्यक सम्पूर्ण उपकरणहरु हुँदा पनि प्रादेशिक अस्पताल गौरमा कर्मचारी अभावका कारण अस्तव्यस्त छैन । तर, सधै जनशक्ति र विशेषज्ञ चिकित्सकको अभाव हुने गरेको छ ।

२०७३ माघ २० गते नेपाल सरकारको मन्त्रीस्तरीय निर्णयले गौर अस्पताललाई २५ शैयाबाट ५० शैयाको अस्पतालमा २८ जना जनशक्ति भए पनि एकजना पनि विशेषज्ञ रहेका छैनन् । सात लाख जनसंख्या भएको रौतहटमा एकजना पनि विशेषज्ञ नहुँदा उपचारमा समस्या पर्ने गरेको अस्पताल प्रमुख डा. कृष्णा साहले बताए ।



बन्दै गएको छ । अस्पतालप्रति जनविश्वास नदेखिएको कारण गौर अस्पताल अस्तव्यस्त भएको छ ।

अस्पतालमा पर्याप्त उपकरणहरु हुँदासमेत बिरामीले समुचित उपचार नपाउँदा बिरामीहरु अन्यन्त्र उपचार गराउन बाध्य समेत भएका छन् ।

रौतहटको सदरमुकाम गौर तथा ग्रामीण भेगका अधिकांश नगरपालिका तथा गाउँपालिकाका बिरामीका लागि पायक पर्ने यो अस्पताल हालसम्म पनि बिरामीको लागि विश्वासिलो बन्न सकेको छैन । अस्पतालमा भवन, शैया, उपकरण लगायतका सामानहरुको अभाव रुपान्तरण गरी एक जना मेडिकल सुपरीटेन्डेट र आठ जना विशेषज्ञ सहित ५१ जनाको दरबन्दी कायम गरी स्वीकृत गरेको थियो ।

मधेश प्रदेशको मातहतमा रहेको गौर अस्पतालमा एक जना मेडिकल सुपरिटेन्डेट, बालरोग, स्त्रीरोग, फिजिसियन, सर्जन सहित नौ जना विशेषज्ञ, चार जना मेडिकल अधिकृत, डेन्टल सर्जन, फिजियोथेरापिस्ट, मेडिकल ल्याब टेक्नोलोजिस्ट जस्ता विशेषज्ञहरुको दरबन्दी स्वीकृत गरिएको छ ।

दक्ष जनशक्तिको दरबन्दी स्वीकृत रहे पनि यस अस्पतालमा एक जना मेडिकल सुपरीटेन्डेटसहित

## अक्सिजन प्लान्ट र भेन्टिलेटर बेवारिसे

जनताको समुचित उपचारका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा अस्पताललाई पठाईएको चारवटा भेन्टिलेटरसहितको दश शैयाको आईसीयु कोठा अहिले दक्षजनशक्ति अभावका कारण सञ्चालन हुन सकेको छैन ।

कोरोना महामारीमा प्रदेश सरकारद्धारा पठाईएको उक्त भेन्टिलेटर महामारीको बेलामा समेत प्रयोगविहिन बनेको थियो । भेन्टिलेटर सञ्चालनका लागि पटकपटक दरबन्दीअनुसारको दक्ष चिकित्सक पठाउन आग्रह गर्दा पनि मधेश प्रदेश सामाजिक विकास मन्त्रालयले बेबास्ता गर्दै आएको गौर अस्पतालका निमित्त सुपरिटेन्डेट डा. कृष्णा साहले बताए ।

अस्पतालमा उपचार कस्तो अवस्थामा भईरहेको सम्बन्धमा समाचार संकलन गर्न जाँदा आईसीयू वार्डमा रहेको भेन्टिलेटर वेवारिसे फालिएको अवस्थामा फेला परेको थियो ।

यस्तै, संघीय सरकारको सहयोगमा गौर अस्पतालमा जडान गरिएको अक्सिजन प्लान्ट पनि प्रयोग विहिन बनेको छ ।

संघीय सरकारले ५० लाख रुपैया पठाए पनि अस्पतालले ठेक्कामार्फत ३४ लाख रुपैयामा अक्सिजन प्लान्ट स्थापना गरेको थियो । तर, दक्ष जनशक्ति आभावका कारण प्रयोग विहिन बनेको छ । ४६ लिटर क्षमता भएको १५ देखी २० वटा अक्सिजन सिलिण्डर दैनिक भण्डारण गर्ने क्षमता रहेको छ । गौर अस्पतालमा एक साताअघि परीक्षणका रुपमा सञ्चालित उक्त प्लान्टबाट निर्मित अक्सिजन पाइपलाईनमार्फत् अस्पतालको वार्डमा आपूर्ति गरिने योजना रहेपनि अक्सिजन प्लान्ट सञ्चालन गर्ने जनशक्ति अभावका कारण बेबारिसे बनेको छ । गौर अस्पतालले बिरामीहरुलाई समुचित उपचार सेवा दिन नसक्दा बिरामीहरु चर्को रकम खर्चेर अन्यन्त्र उपचार गराउन जान बाध्य हुँदै आएका छन् ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचोक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल